जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ८१ • २०८३ साल साउन २४ गते आइतबार (9 August, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान राजनीतिक परिस्थितिमा पार्टीले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

शनिबार जनकपुरधाममा आयोजित अन्तरक्रिया कार्यक्रममा नेता निधिले लोकतान्त्रिक मूल्य-मान्यता, संविधानको रक्षा तथा जनताको अधिकारका पक्षमा पार्टी नेतृत्व जिम्मेवार र परिपक्व ढंगले उभिनुपर्ने बताए ।

उनले पार्टीलाई थप सुदृढ र एकताबद्ध बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिए । पार्टीको प्रभावकारिता नेता-कार्यकर्ताबीचको एकता र संगठनको सक्रियतामा निर्भर रहने भन्दै उनले सबै मिलेर संगठनलाई प्रभावकारी बनाउनुपर्ने बताए ।

पार्टीभित्रको एकता, संगठन सुदृढीकरण र जनतासँगको सम्बन्धलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने बताउँदै नेता निधिले जनताका समस्या र अपेक्षालाई नजिकबाट बुझेर त्यसअनुरूप र ाजनीतिक गतिविधि सञ्चालन गर्नुपर्ने सुझाव दिए ।

सो कार्यक्रममा सहभागी कांग्रेस धनुषाका नेता तथा कार्यकर्ताले पार्टीभित्रको आन्तरिक किचलो तत्काल समाधान गरी एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

### मधेश केन्द्रित दलसहितको मोर्चाबन्दी

# संविधान र राजनीतिक उपलब्धिको रक्षाका लागि 'अग्रगामी मोर्चा'

**टुडे समाचारदाता**

काठमाण्डु । सात राजनीतिक दलले संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता र सामाजिक न्यायको र क्षा गर्दै मुलुकलाई राजनीतिक निकास दिन 'अग्रगामी मोर्चा' गठन गरेका छन् ।



जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, र खम्बुवान राष्ट्रिय मोर्चाले संयुक्त रूपमा एक अवधारणा-पत्रसमेत जारी गर्दै अग्रगामी मोर्चाको घोषणा गरेका छन् ।

काठमाण्डुमा शनिबार आयोजित कार्यक्रममा मोर्चाको अवधारणापत्र सार्वजनिक गर्दै सहभागी नेताहरूले मुलुक र ाजनीतिक, आर्थिक तथा सामाजिक संकटतर्फ उन्मुख भएको दाबी गरे । उनीहरूले वर्तमान राजनीतिक नेतृत्व र राज्य सञ्चालन पद्धतिप्रति असन्तुष्टि व्यक्त गर्दै विगतका कमजोर ीको समीक्षा र आत्मसमीक्षा गरी राजनीतिक सुधार र शुद्धीकरण आवश्यक रहेकोमा जोड दिए ।

पूर्वमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले संघीयता, लोकतन्त्र र गणतन्त्रसमेत प्रश्नको घेरामा परेको दाबी गरे। जनयुद्ध, जनआन्दोलन, सडक तथा संसदीय संघर्षसँगै मधेश, थारुवान र जनजातिलगायतका आन्दोलनबाट प्राप्त अनुभवलाई एकीकृत गर्दै मोर्चा निर्माण गरिएको उनले बताए ।

'राजनीतिक दल तथा नेतृत्वले विगतका कमजोरीको निर्मम समीक्षा र आत्मसमीक्षा गर्दै सुधारको बाटोमा अघि बढ्नुपर्नेछ,' शर्माले भने, 'राजनीतिमा सुधार र शुद्धीकरण गर्ने उद्देश्यले अग्रगामी मोर्चा गठन गरिएको हो ।'

उनले राष्ट्रिय हित र सार्वभौमसत्तालाई केन्द्रमा राखेर छिमेकी मुलुकसँग समानता र पारस्परिक सम्मानका आधारमा सम्बन्ध विस्तार गर्ने नीति मोर्चाले लिएको बताए । सुकुमवासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्न संघ, प्रदेश र स्थानीय तहको संयुक्त संयन्त्र बनाउने योजना पनि उनले सुनाए ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुक राजनीतिक अन्योल र अनिश्चिततातर्फ गइरहेको बताए । शक्तिको अत्यधिक केन्द्रीकरणले अधिनायकवाद जन्माउने चेतावनी दिँदै उनले संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षताजस्ता उपलब्धिमाथि प्रहार भइरहेको दाबी गरे ।

'मुलुक राजनीतिक अन्योल र अनिश्चिततातर्फ गइरहेको छ,' यादवले भने, 'यसलाई रोकेर सुशासन, भ्रष्टाचार नियन्त्रण र आर्थिक समृद्धिको दिशामा अग्रगामी निकास दिन साझा प्रयासस्वरूप यो मोर्चा निर्माण भएको हो ।'

उनले संविधान संशोधनमार्फत विभेद र असमानता अन्त्य गर्नुपर्ने धारणा राख्दै बढ्दो भ्रष्टाचार, कमजोर शान्ति-सुरक्षा र जर्जर आर्थिक अवस्थाप्रति चिन्ता व्यक्त गरे। मोर्चा सत्ता परि वर्तनका लागि मात्र नभइ सामाजिक न्याय र अग्रगामी परि वर्तनका लागि क्रियाशील हुने उनको दाबी थियो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले राजनीतिक यात्रा सहज नभएको टिप्पणी गर्दै र ाजनीतिलाई 'डर्टी गेम'को संज्ञा दिए । सत्ता र नेतृत्वमा पुग्न अनेकौं चुनौती र कठिनाइ पार गर्नुपर्ने उनको भनाइ थियो ।

जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउत (सीके र ाउत)ले मोर्चा सत्ता प्राप्तिका लागि गठन नगरिएको स्पष्ट पारे । संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशीता, धर्मनिरपेक्षता, प्रेस स्वतन्त्रता र मानव अधिकारलगायतका उपलब्धिको रक्षा यसको मुख्य उद्देश्य रहेको उनले बताए ।

'यो मोर्चा संघर्षका लागि बनेको हो, सत्ता प्राप्तिका लागि हामीले गठबन्धन गरेका होइनौं,' राउतले भने ।

आम जनता पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले राजनीतिक व्यवस्था परिवर्तन भए पनि जनताको जीवनमा अपेक्षित परिवर्तन आउन नसकेको बताए । वर्तमान राजनीतिमा धोका, बेइमानी र अनैतिकता हाबी भएको भन्दै उनले अग्रगामी राजनीतिक शक्तिहरू एकजुट हुनुपर्नेमा जोड दिए। राजनीतिक अस्थिरता, सरकार परिवर्तन र युवा पलायनले मुलुकको संकट थप गहिरिएको उनको भनाइ थियो । नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशमलाल चौधरीले सरकारले निर्वाचनअघि गरेका प्रतिबद्धता पूरा गर्न नसकेको आरोप लगाए । विदेशमा रहेका युवालाई स्वदेश फर्काउने र सुशासन कायम गर्ने भनिए पनि व्यवहारमा त्यसको विपरीत अवस्था देखिएको उनको दाबी थियो ।

सरकारले नागरिकमाथि करको भार बढाएको आरोप लगाउँदै चौधरीले कर तिर्ने नागरिकभन्दा करको दायित्व पूरा नगर्ने पक्षलाई करको दायरामा ल्याउनुपर्ने बताए। किसानले उत्पादनको उचित मूल्य नपाएको र बिचौलियाका कारण उपभोक्ता महँगो मूल्य तिर्न बाध्य भएको उनले बताए ।

सरकारविरुद्ध आफूहरू तत्काल सडक आन्दोलनमा नलागेको स्पष्ट पार्दै चौधरीले आफ्ना माग र सुझाव बेवास्ता गरिए आन्दोलनको स्वरूप परिवर्तन हुन सक्ने चेतावनी दिए ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सन्तोष परियारले संघीयता, गणतन्त्र र समावेशिताजस्ता उपलब्धिको रक्षाका लागि 'अग्रगामी मोर्चा'ले सशक्त भूमिका खेल्ने बताएका छन् ।

उनले वर्तमान सरकार जनभावना विपरीत र विचारविहीन भएको टिप्पणी गरे । युवाको सपना र आदर्शलाई दक्षिणपन्थी शक्तिहरूले दुरुपयोग गरिरहेको उनले आरोप लगाए ।

मोर्चामा सहभागी नेताहरूले फरक राजनीतिक पृष्ठभूमि भए पनि संविधानवाद, संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, समावेशिता, सुशासन र राजनीतिक सुधारका साझा मुद्दामा सहकार्य गर्ने बताएका छन् । सत्ता समीकरणभन्दा राजनीतिक संस्कार र राज्य सञ्चालनको पद्धति परिवर्तनलाई प्राथमिकता दिने उनीहरूको दाबी छ ।

यद्यपि फरक राजनीतिक पृष्ठभूमि, विचार र स्वार्थ बोकेका दल तथा नेताबीचको यो सहकार्य आगामी दिनमा कति प्रभावकारी र दीर्घकालीन हुन्छ भन्ने चुनौती भने कायमै रहेको टिप्पणीसमेत हुन थालेको छ ।

# सडकसंग जोडिएको जग्गामा २५ प्रतिशतसम्म विकास करको नयाँ प्रावधान

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले सडक निर्माण तथा स्तरोन्नतिपछि आसपासका जग्गाको मूल्य बढ्ने भएकाले त्यसको केही हिस्सा र ाज्यले विकास करका रूपमा असुल गर्ने व्यवस्था अघि सारेको छ । पूर्वाधार विकास मन्त्रालयले तयार पारेको सार्वजनिक सडकसम्बन्धी विधेयकमा सडकको दायाँबायाँ रहेका जग्गाधनीबाट एकपटकका लागि बढेको जग्गाको मूल्यको बढीमा २५ प्रतिशतसम्म विकास कर लिन सकिने प्रस्ताव गरिएको छ ।



सरकारले सडक निर्माण वा स्तरोन्नतिबाट स्वाभाविक रूपमा बढेको जग्गाको मूल्य अर्थात् 'अनअर्न्ड इन्क्रिमेन्ट' को केही हिस्सा राज्यको हितमा प्रयोग गर्ने उद्देश्यले यस्तो व्यवस्था गर्न लागेको छ । तोकिएको समयमा विकास कर नबुझाएमा जग्गा बिक्रीमा रोक लगाउन सकिने र मालपोत बाँकीसरह असुलउपर गर्ने प्रावधानसमेत प्रस्ताव गरि एको छ ।

पूर्वाधार विज्ञ तथा राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले सडकसंग जोडिएको जग्गामा विकास कर लगाउने नीति ल्याएको टिप्पणी गरेका छन् । सार्वजनिक सडक ऐन, २०३१ संशोधनका लागि यसअघि ल्याइएको विधेयकमा पनि सडक सीमा विस्तारसँगै २५ प्रतिशतसम्म विकास कर लगाउने व्यवस्था प्रस्ताव गरिएको थियो । अहिलेको विधेयकले सोही नीतिलाई निरन्तरता दिएको छ ।

नयाँ विधेयकले नेपालका सार्वजनिक सडकलाई संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा वर्गीकरण गर्ने प्रस्ताव गरेको छ । संघीय सडक सञ्जालअन्तर्गत द्रुतमार्ग, र ाष्ट्रिय राजमार्ग तथा सरकारले तोकेका सामरिक महत्वका सडक रहनेछन् । प्रदेशअन्तर्गत प्रादेशिक राजमार्ग तथा सहायक सडक र स्थानीय तहअन्तर्गत सहरी, ग्रामीण तथा कृषि सडक रहने व्यवस्था गरिएको छ ।

सडकको सीमा र संरचना निर्माणसम्बन्धी प्रावधान पनि कडा बनाइएको छ । द्रुतमार्गको केन्द्ररेखाबाट दायाँबायाँ ५०/५० मिटर र राष्ट्रिय राजमार्गको केन्द्रबाट २५/२५ मिटर क्षेत्रलाई सडक सीमा मानिने प्रस्ताव छ । सडक सीमाभित्र स्थायी संरचना बनाउन रोक लगाइनेछ । सडक सीमाभन्दा बाहिर थप ६ मिटर क्षेत्रलाई संरचना सीमा अर्थात् सेटब्याकका रूपमा राखिनेछ। प्रादेशिक सडकका लागि बढीमा २५ मिटर र स्थानीय सडकको सीमा स्थानीय तहले तोक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

सडक विस्तारका क्रममा भविष्यमा ठूलो मुआब्जा खर्च हुने अवस्था घटाउनु र सडक सुर क्षालाई मजबुत बनाउनु यसको उद्देश्य हो । पुराना सडकमा समेत नयाँ मापदण्ड लागू हुने भए पनि विकास करका विषयमा भने केही लचकता अपनाइएको छ ।

सडक निर्माण भएको केही समयमै खानेपानी, विद्युत्, टेलिफोनलगायतका पूर्वाधार र ाख्न सडक खन्नुपर्ने समस्या समाधान गर्न द्रुतमार्ग र र ाष्ट्रिय राजमार्गमा 'युटिलिटी करिडोर' निर्माण गर्ने प्रस्ताव गरि एको छ । यस्तो करिडोर प्रयोग गरेबापत सम्बन्धित निकाय वा कम्पनीले सरकारलाई सेवा शुल्क बुझाउनुपर्नेछ । सडक सीमाभित्र रहेका विद्युत्का पोल तथा अन्य संरचना प्रयोग गरेबापत पनि शुल्क लिन सकिने व्यवस्था छ ।

विधेयकले सार्वजनिक सडकको दुरुपयोग नियन्त्रण गर्न विभिन्न कार्यलाई निषेध गरेको छ । सडकमा घरपालुवा पशु छाड्न, आवागमनमा अवरोध हुने गरी मालवस्तु राख्न वा फाल्न तथा अनुमतिबिना सडक खन्न, ढल मिसाउन वा प्रवेशमार्ग बनाउन पाइने छैन । सडकको भार वहन क्षमताभन्दा बढी वजनका सवारी सञ्चालनमा पनि रोक लगाइनेछ । त्यस्ता सवारीको तौल जाँचका लागि विभिन्न स्थानमा 'तौल पुल' स्थापना गर्ने प्रस्ताव गरिएको छ ।


सडक निर्माण तथा मर्मतका लागि आवश्यक माटो, ढुंगा वा बालुवा सडक आसपासबाट लिन सकिने भए पनि निजी जग्गाबाट सामग्री लिँदा जग्गाधनीको स्वीकृति अनिवार्य हुनेछ । उत्खननका कारण खाडल परेमा सडक कार्यालयले पुर्ने वा जग्गा सम्याउने जिम्मेवारी लिनुपर्नेछ । सडकको सौन्दर्य र वातावरणीय सन्तुलनका लागि सडक आसपास वृक्षारोपण तथा संर क्षणको जिम्मेवारीसमेत सडक कार्यालयलाई दिइएको छ ।

सडक निर्माण वा सुधार का क्रममा आवश्यक परे अस्थायी रूपमा जग्गा अधिग्रहण गर्न सकिनेछ । तर, मानिस बसोबास गरिरहेको घर, टहरा, देवालय, विद्यालय वा अस्पताल रहेको जग्गा यसरी लिन नपाइने व्यवस्था छ । अस्थायी रूपमा लिइएको जग्गाको क्षतिपूर्ति जग्गाधनीसँगको सहमतिमा निर्धारण गरिनेछ । सहमति हुन नसके स्थानीय अधिकारीको अध्यक्षतामा रहेको समितिले क्षतिपूर्ति निर्धारण गर्नेछ । काम सकिएपछि जग्गा पुरानै अवस्थामा फर्काएर धनीलाई बुझाउनुपर्नेछ ।

विधेयकले सडक निर्माण, मर्मत तथा सञ्चालनमा निजी क्षेत्रलाई समेत सहभागी गराउने व्यवस्था गरेको छ । सार्वजनिक-निजी साझेदारी (पीपीपी) मार्फत सडक निर्माण तथा व्यवस्थापन गर्न सकिने छ । साथै, 'पर्फर्मेन्स बेस्ड मेन्टेनेन्स' अन्तर्गत ठेकेदारले मर्मतपछि निश्चित अवधिसम्म सडकको गुणस्तर कायम राख्नुपर्ने व्यवस्था गरिएको छ ।

कानुन उल्लंघन गर्नेलाई कडा सजायको प्रस्ताव गरि एको छ । अनुमतिबिना सडक सीमाभित्र स्थायी संरचना निर्माण गरेमा ५ लाख रुपैयाँसम्म जरि वाना तथा संरचना भत्काउने व्यवस्था छ । सडकमा अवरोध पुर्‍याउने वा जग्गा अधिग्रहणमा बाधा गर्ने व्यक्तिलाई ५० हजार रुपैयाँसम्म, सडकका रुखबिरुवा नष्ट गर्नेलाई १ लाख रुपैयाँसम्म र तोकिएकोभन्दा बढी भार बोकेको सवारीधनीलाई प्रतिपटक ५ लाख रुपैयाँसम्म जरिवाना प्रस्ताव गरि एको छ ।

अनुमति बिना सडक खन्ने, ढल मिसाउने वा तार तान्ने कार्यमा १० लाख रुपैयाँसम्म जरि वाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।



# सप्तरी र सिरहाबाट गाँजा बरामद



**टुडे समाचारदाता**

राजविराज । प्रहरीले सप्तरी र सिरहाबाट ठूलो परिमाणमा लागू औषध गाँजा बरामद गरेको छ । सप्तरीको राजगढ गाउँपालिका-१, स्थित नहर छेउबाट गएराति एक सय ९० किलोभन्दा बढी लागुऔषध गाँजा बरामद गरेको छ।

विशेष सूचनाका आधारमा बोर्डर आउट पोष्ट (बिओपी) बनैनियाँ र नेपाल प्रहरीको संयुक्त टोलीले कजरातर्फ जाने नहर छेउस्थित सिमलीको झ्याङबाट उक्त गाँजा बरामद गरेको हो । उक्त गाँजाको तौल एक सय ९० किलो ५ सय २० ग्राम रहेको छ।

५ वटा बोरामा लुकाएर राखिएको अवस्थामा बरामद गरिएको उक्त गाँजा आवश्यक कानुनी कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जानकारी दिएको हो । यसअघि साउन ६ गते राति पनि हनुमाननगर-रमपुरा मल्हनियाँ हुँदै ३ वटा गाडीमा भारततर्फ गइरहेको ३३ क्विन्टल ३२ किलो गाँजा बरामद गरिएको थियो।

यस्तै सिरहामा प्रहरीले ९१ किलो गाँजासहित एक जनालाई पक्राउ गरेको हो। घटनामा संलग्न रहेको आशंकामा अन्य चार जना भने फरार भएका छन्।

नियमित गस्तीका क्रममा सखुवानान्कारकट्टी गाउँपालिका-४ स्थित सिमरा बलान खोलाबाट गाँजासहित भगवानपुर गाउँपालिका-४ जमुवाटोलका ४३ वर्षीय मोहन साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

इलाका प्रहरी कार्यालय सिरहा र महेशवारीको संयुक्त गस्ती टोलीले पाँच जनाको समूहलाई कपडाको नाम्लो बनाई टाउकोमा बोरा बोकेर हिँडिरहेको अवस्थामा फेला पारेको थियो। पक्राउ परेका साहलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिरहामा राखिएको छ।

# ग्यास डिलर र विपद् गोदाममा अनुगमन

**टुडे समाचारदाता**

जलेश्वर । खाना पकाउने एलपी ग्यासको आपूर्ति अवस्था, वितरण प्रणाली तथा सम्भावित कालोबजारी नियन्त्रणका लागि शनिबार महोत्तरीका ग्यास डिलरहरुमा अनुगमन गरिएको छ।

जिल्लामा एलपी ग्यास आपूर्तिको जिम्मेवारीमा रहेका डिलरहरूको संयुक्त टोलीले विभिन्न स्थानमा रहेका ग्यास डिलर तथा बिक्री केन्द्रको अनुगमन तथा निरीक्षण गरेको हो। अनुगमनका क्रममा ग्यासको मौज्दात, आपूर्ति तथा वितरण अवस्थाबारे जानकारी लिइएको जनाइएको छ।

अनुगमन टोलीले जिल्लामा ग्यासको आपूर्ति नियमित रूपमा भइरहेको जनाएको छ । आपूर्तिमा समस्या नरहेको अवस्थामा उपभोक्ताले अभाव हुनसक्ने अनुमानका आधारमा आवश्यकताभन्दा बढी ग्यास घरमा सञ्चय नगर्न आग्रह गरिएको छ।

त्यस्तै, जिल्लाका कुनै पनि स्थानमा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी





गर्ने वा अनावश्यक रूपमा ग्यास जम्माखोरी गर्ने गरेको पाइए तत्काल स्थानीय प्रहरीलाई जानकारी गराउन प्रशासनले उपभोक्तालाई आग्रह गरेको छ।

प्रशासनले जिल्लाभरका सबै डिलरमा एकैसाथ अनुगमन भइरहेको जानकारी दिँदै ग्यासको आपूर्ति र वितरणलाई सहज तथा व्यवस्थित बनाउन सहयोग गर्न व्यवसायी तथा उपभोक्तालाई अनुरोध गरेको छ।

यस्तै जिल्लाको बर्दिवासमा रहेको विपद् गोदामघरको शनिबार संयुक्त रूपमा अनुगमन तथा निरीक्षण गरिएको छ। विपद्का बेला आवश्यक पर्ने राहत तथा उद्धार सामग्रीको उपलब्धता, भण्डारण अवस्था र व्यवस्थापनको अवस्थाबारे जानकारी लिन अनुगमन गरिएको हो।

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बर्दिवास नगरपालिका तथा सेभ द चिल्ड्रेनका प्रतिनिधिसहितको संयुक्त टोलीले गोदामघरको निरीक्षण गरेको छ।

अनुगमनका क्रममा गोदामघरमा भण्डारण गरिएका विपद् व्यवस्थापनसँग सम्बन्धित सामग्रीको अवस्था, सुरक्षित भण्डारण तथा आवश्यकता पर्दा तत्काल परिचालन गर्न सकिने अवस्थाबारे जानकारी लिइएको थियो।

विपद्का समयमा प्रभावित नागरिकलाई शीघ्र राहत उपलब्ध गराउन गोदामघरको व्यवस्थित व्यवस्थापन र सामग्रीको नियमित निगरानी आवश्यक रहेकोमा टोलीले जोड दिएको छ।

स्थानीय तह, सरकारी निकाय तथा विकास साझेदार संस्थाबीचको समन्वयलाई प्रभावकारी बनाउँदै विपद् पूर्वतयारी र प्रतिकार्यलाई थप व्यवस्थित बनाउन यस्ता अनुगमनले सहयोग पुग्ने विश्वास गरिएको छ।

# सिक्री लुटेको आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-७, डुमडुमेस्थित तरकारी बजारबाट सिक्री लुटेको आरोपमा एक युवक पक्राउ परेका छन्।

तरकारी किन्न भनी बिहानै थोक बजार पुगेका लालबन्दी नगरपालिका-६, जनवादी चोक निवासी सरोजजंग राणाको घाँटीबाट सिक्री लुटपाट गर्ने पर्साको वीरगन्ज महानगरपालिका-२२, चन्डाल चोक बस्ने २० वर्षीय बैद्यनाथप्रसाद राउत पक्राउ परेका हुन्।

तरकारी बजारमा भिडभाडको मौका छोपेर राणाले घाँटीमा लगाएको डेढ तोलाको सिक्री राउतले लुट्ने प्रयास गरेका थिए। राउतलाई तत्कालै स्थानीय वासिन्दा भएर नियन्त्रणमा लिइ प्रहरीमा बुझाएका हुन्।

इलाका प्रहरी कार्यालय लालबन्दीका इन्स्पेक्टर श्याम थापा मगरले सिक्री लुट्ने कार्यमा संलग्न राउतलाई हिराउतमा राखी थप अनुसन्धान भइरहेको बताए। चोरीमा संलग्न राउत लागुऔषध सेवन गरेर लठ्ठ भएको अवस्थामा समातिएका हुन्।

# वीरगञ्जमा खाल्डाखुल्डी पुर्ने काममा तिव्रता



**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्जको मुख्य सडक विस्तारका क्रममा देखिएका खाल्डाखुल्डी पुर्ने तथा अव्यवस्थित बिजुलीका तार व्यवस्थापन गर्ने काम तीव्र रुपमा अघि बढाइएको छ।

वीरगन्ज महानगरपालिकाका कार्यवाहक मेयर इम्तियाज आलमको निर्देशनमा सडकका खाल्डाखुल्डी पुर्ने र बिजुलीका पोलमा अव्यवस्थित रूपमा टाँगिएका तार हटाउने अभियान सञ्चालन गरिएको छ।

मुख्य बजार क्षेत्रमा सडक विस्तारका क्रममा डोजरको निरन्तर प्रयोग हुँदा सडकमा खाल्डाखुल्डी बनेका छन्। त्यस्तै, सडक विस्तारका क्रममा चुँडिएका तथा अलपत्र तारका कारण पैदलयात्री र सवारीचालकले समेत समस्या भोग्दै आएका थिए।

सर्वसाधारणको आवागमन सहज र सुरक्षित बनाउन महानगरपालिकाले तत्काल समस्या समाधानका लागि अभियान सञ्चालन गरेको जनाएको छ। महानगरपालिकाको सरसफाइ शाखा प्रमुख सरफुद्दिन अन्सारीका अनुसार सडकमा रहेका जोखिमपूर्ण खाल्डाखुल्डी पुर्ने तथा बिजुलीका पोलमा टाँगिएका काम नलाग्ने र अलपत्र तार हटाउने काम भइरहेको छ।

महानगरलाई व्यवस्थित, सुरक्षित र सुन्दर बनाउने उद्देश्यले सुरु गरिएको अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने अन्सारीले बताए।

# धान रोपाईको अन्तिम चरणमा मल वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । धान रोपाइँ अन्तिम चरणमा धनुषा र महोत्तरीमा रासायनिक मलको वितरण तीव्र पारिएको छ।

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका अनुसार नियमित कोटाअन्तर्गत दोस्रो चरणको डिएपी र युरिया मल वितरण सुरु गरेको हो।

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहका अनुसार मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको साउन ११ गतेको निर्णय अनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१





मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण गरिदैछ।

उनका अनुसार वीरगञ्जस्थित कम्पनीको प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै स्थानीय तहको सिफारिसका आधारमा जिल्लाका सहकारी तथा विक्रेतामार्फत मल वितरण भइरहेको छ । केही समयदेखि देखिएको रासायनिक मलको अभावसमेत पछिल्लो समय क्रमशः हट्दै गएको कम्पनीले जनाएको छ।

साउनको दोस्रो सातामा थप डिएपी र युरिया प्राप्त भएपछि किसानलाई मल उपलब्ध गराउन सहज भएको सूचना अधिकारी साहले बताए । उनका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको जनकपुरधामस्थित गोदाममा हाल करिब २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको छ । प्राप्त भएको मललाई आवश्यकता र स्थानीय तहको सिफारिसका आधारमा वितरण भइरहेको उनले बताए।

यसैबीच, सुनसरी र सिरहामा भएका घटनापछि स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु तथा निषेधाज्ञाका कारण केही दिन मल ढुवानी प्रभावित भएको थियो। ढुवानी रोकिँदा जिल्लामा मल वितरणमा केही समस्या देखिए पनि पछिल्लो समय अवस्था सामान्य बन्दै गएपछि पुनः नियमित रूपमा मल भित्रिन थालेको कम्पनीले जनाएको छ।

# मृतक गणेश यादवको परिवारलाई प्रदेश सरकारले घर बनाइदिने

जनकपुरधाम । सिरहाको गोलबजारमा गोली लागेर मृत्यु भएका गणेश यादवको परिवारलाई मधेश प्रदेश सरकारले पक्की घर निर्माण गरिदिने भएको छ।

मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह र मृतक परिवारबीच शुक्रबार साँझ भएको सहमतिअनुसार मृतक यादवको परिवारका लागि दुई कोठे घर, किचन र शौचालय निर्माण गरिदिने भएको हो।



प्रदेश सरकारारा सञ्चालित ' विपन्नसँग मदन भण्डारी आवास योजना' अन्तर्गत मृतक यादवको परिवारलाई घर बनाइने सहमति पत्रमा उल्लेख छ । सुनसरीको देवानगञ्ज घटनाको विषयलाई लिएर सिरहाको गोलबजारमा यही साउन १४ गते भएको प्रदर्शनको क्रममा गोली लागेर यादवको मृत्यु भएको थियो । मृतक परिवारको आर्थिक अवस्था कमजोर रहेको पाइएकोले प्रदेश सरकारको तर्फबाट घर निर्माण गरिदिने सहमति भएको मन्त्री सिंहले बताउनुभयो। रासस

# दर्जनौ युवाहरु रास्वपामा गरे प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-७ कुम्हरौडामा विभिन्न राजनीतिक दल परित्याग गरी करिब दर्जनौ युवाहरु राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

कुम्हरौडास्थित दुर्गा मन्दिर नजिक आयोजित पार्टी प्रवेश कार्यक्रममा मनिष झा, रतन झा, दिलिप झा, राहुल झासहित दर्जनौ युवाहरु रास्वपाको सदस्यता ग्रहण गरेका हुन्।

कार्यक्रमको अध्यक्षता रास्वपा लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष कमलेश यादवले गरेका थिए भने प्रमुख अतिथिका रूपमा रास्वपा जिल्ला अध्यक्ष लक्ष्मेश्वर यादवको उपस्थिति रहेको थियो। कार्यक्रममा गंगा यादव, रामजीवन यादव, अखिलेश मिश्र, देवचन्द्र झा, रंजित झा, वृहस्पति महरालगायतका



नेताहरू तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

आरपी अधिकारीले सञ्चालन गरेको कार्यक्रममा रास्वपाका युवा नेता मुकेश यादवले स्वागत मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा सहभागी वक्ताहरूले पछिल्लो समय युवाहरूमा वैकल्पिक राजनीतिक शक्तिप्रति आकर्षण बढ्दै गएको बताएका थिए।

पार्टी प्रवेश गर्ने नयाँ सदस्यहरूले देशमा सुशासन, भ्रष्टाचार नियन्त्रण र जनमुखी राजनीतिको आवश्यकता महसुस गर्दै रास्वपामा आबद्ध भएको बताएका छन् । कार्यक्रममा स्थानीयवासी तथा पार्टीका नेता-कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो।

# लाखौको अवैध सामाग्री बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। भन्सार छली गरी ल्याइएका करिब १ लाख १५ हजार २ सय रुपैयाँ बराबरका विभिन्न सामाग्री धनुषा प्रहरीले बरामद गरेको छ।

प्रहरीका अनुसार शनिबार जिल्लाका विभिन्न स्थानमा गरिएको चेकजाँच तथा निगरानीका क्रममा भन्सार छलीका सामान फेला पारी नियन्त्रणमा लिइएको हो । बरामद गरिएका सामान आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

सीमावर्ती क्षेत्रबाट हुने अवैध ओसारपसार तथा भन्सार छली नियन्त्रण गर्न प्रहरीले निगरानी तथा चेकजाँचलाई निरन्तरता दिइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। प्रहरीले अवैध गतिविधि तथा शंकास्पद सामान ओसारपसार बारे जानकारी भए तत्काल प्रहरीलाई खबर गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।



# फरार ६ प्रतिवादी पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज। विभिन्न मुद्दामा फरार रहेका ६ जना प्रतिवादीलाई पर्सा प्रहरीले पक्राउ गरी कारवाहीका लागि जिल्ला अदालतमा उपस्थित गराएको छ।

पर्सा जिल्ला अदालतको फैसला कार्यान्वयनका क्रममा फरार रहेका प्रतिवादीलाई खोजतलास गरी पक्राउ गरिएको हो । प्रहरीका अनुसार पक्राउ परेकामध्ये अपहरण, शरीर बन्धक तथा जबर्जस्तीसम्बन्धी मुद्दाका एक जना प्रतिवादी छन्। उनीमाथि अदालतले एक वर्ष कैद र एक लाख रुपैयाँ जरिवानाको सजाय तोकेको थियो।

यस्तै, जालसाजी मुद्दामा फरार रहेका पाँच जना प्रतिवादी पनि पक्राउ परेका छन्। उक्त मुद्दामा उनीहरूमाथि अदालतले २५० रुपैयाँ जरिवाना तोकेको प्रहरीले जनाएको छ।

पक्राउ परेका ६ जनालाई नै कानुनी प्रक्रिया पूरा गरी पर्सा जिल्ला अदालतमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी चक्रबहादुर मल्लले जानकारी दिएका छन्।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आर्थिक दृष्टिकोणले आजको दिन निकै सकारात्मक रहनेछ। |
| वृष : | चन्द्रमाको आफ्नै राशिमा उपस्थिति रहेकाले तपाईंमा ऊर्जा, उत्साह र आत्मविश्वास भरपूर रहनेछ। |
| मिथुन : | आज खर्चको मात्रा बढ्न सक्नेछ। |
| कर्कट : | आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। |
| सिंह : | कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम हुनेछ। |
| कन्या : | भाग्यले पूर्ण साथ दिनेछ। धर्म, कर्म तथा अध्यात्मतिर मन जानेछ। |
| तुला : | शारीरिक थकान वा स्वास्थ्यमा केही मन्दी महसुस हुन सक्छ। |
| वृश्चिक : | व्यापार(व्यवसायमा राम्रो मुनाफा आर्जन गर्न सकिनेछ। |
| धनु : | प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउन सकिनेछ। |
| मकर : | बौद्धिक कार्य, अध्ययन र लेखनमा सफलता मिल्नेछ। |
| कुम्भः | तपाईको साहस, पराक्रम र क्षमतामा वृद्धि हुनेछ। |
| मीनः | तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गणेशको साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर धामस्थित गणेश युवा कमिटीले २० औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

कार्यक्रममा सहभागी कमिटीका पूर्वअध्यक्ष एवं जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीले कमिटीले सामाजिक तथा धार्मिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि त्यसलाई निर न्तरता दिन सुझाव दिए ।

यस्तै नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष पुरण साहले पछिल्लो समय युवाको सामाजिक परिवर्तनप्रतिको समर्पणमा कमी आउन थालेको भन्दै चिन्ता व्यक्त गर्दै युवाको सक्रियता र सामाजिक तथा धार्मिक क्षेत्रमा उनीहरूले पुऱ्याउने योगदानले सामाजिक विकाससँगै संस्थाको पहिचानसमेत स्थापित हुनेमा जोड दिए ।

मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले साधारण सभा विगतका कामको समीक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने महत्वपूर्ण अवसर भएको बताउँदै विगतका कमीकमजोर ीलाई सच्याउँदै नयाँ योजनाका साथ अघि बढ्न आग्रह गरेका थिए ।




# राम युवा कमिटीका पदाधिकारीहरुलाई पदहस्तान्तरण



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर धामस्थित सामाजिक संस्था श्री राम युवा कमिटीको १७ औं कार्यसमितिका लागि निर्वाचित पदाधिकारीहरु पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् । शपथ ग्रहण सँगै पछिल्ला कार्यसमितिका पदाधिकार ीहरुले उनीहरुलाई पदहस्तान्तरण समेत गरेका छन् । पछिल्लो पटक सम्पन्न निर्वाचनबाट विजयकुमार साह तेलीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको थियो ।

निर्वाचनबाट वरिष्ठ उपाध्यक्षमा शिव ठाकुर सोनार, उपाध्यक्षमा दीपककुमार साह, महासचिवमा सुभाषचन्द्र साह, सचिवमा लोकेश्वर झा तथा कोषाध्यक्षमा विनय साह निर्वाचित भएका थिए । त्यसैगरी कार्यसमिति सदस्यमा अमर ठाकुर, सन्दीपकुमार साह, जितेन्द्रकुमार भगत, महावीर साह कानु (गोपाल), धर्मेन्द्र साह र सुदीपकुमार भण्डारी निर्वाचित भएका थिए ।

निर्वाचन समितिका प्रमुख निर्मलकुमार चौधरीका अनुसार सम्पन्न मतदानमा कुल २५८ मतदातामध्ये २३३ जनाले मतदान गरेका थिए ।

# ठगी आरोपमा रास्वपा सिरहाका पूर्व सचिव पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी सिरहाका पूर्व जिल्ला सचिव प्रदीप कुमार सिंह ठगी आरोपमा पक्राउ परेका छन् ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका वडा नं. ७ बस्ने स्थानीय महेश कुमार झाबाट वैदेशिक रोजगारमा पठाई दिने नाममा १० लाख रुपैयाँ लिएर सम्पर्कविहिन भएपछि उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



जिप्रका धनुषाका प्रवक्ता डिएसपी मधुसुदन न्यौपानेका अनुसार केही बर्ष अगाडी सालोलाई विदेश पठाउनको लागि झाबाट १० लाख रुपैयाँ लिएका थिए । सिरहाको गोलबजार नगरपालिका वडा नं. १२ बस्ने पूर्व जिल्लासचिव सिँहले सो रकम फिर्ता नगरेपछि उनीमाथि झाले ठगीको मुद्दाका उजुरी दर्ता भएको थियो । ठगीको मुद्दा दर्ता भएपछि उनी फरारको रुपमा बस्दै आएकोमा धनुषा प्रहर ीले सिरहा प्रहरीको सहयोगमा पक्राउ गरेको हो । उनलाई शनिवार जनकपुर ल्याइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनलाई आइतवार धनुषा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान गर्ने जनाएको छ ।

# देशभर मनसुनी वायुको प्रभाव, केही स्थानमा भारी वर्षाको सम्भावना


काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास रहेको छ ।

कोशी, मधेश र बागमती प्रदेशलगायत बाँकी हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहेको छ भने तराई भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहेको छ । बागमती प्रदेशका केही स्थानमा मेघगर्जनसहित हल्का वर्षा भइरहेको छ । कोशी, मधेस र लुम्बिनी प्रदेशका एकदुई स्थानमा पनि हल्का वर्षा भइरहेको छ ।

महाशाखाका अनुसार आज दिउँसो देशभर साधारणतया बदली रहनेछ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका हिमाली भेगका केही स्थानमा मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।

कोशी र बागमती प्रदेशका पहाडी भागका धेरै तथा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका पहाडी भागका केही स्थानमा मध्यमको वर्षा हुने सम्भावना छ । साथै, तराईका केही स्थानमा पनि मध्यम वर्षाको सम्भावना छ ।

कोशी र बागमती प्रदेशका हिमाली तथा पहाडी भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।




यसैगरी, आज राति देशभर साधारणतया बदली रहने छ भने हिमाली तथा प

हाडी भागका केही स्थानमा मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।

कोशी, बागमती, गण्डकी, लुम्बिनी, मधेस र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना छ । कर्णाली प्रदेशका पहाडी भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

भारी वर्षाका कारण गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयको जोखिम बढ्न सक्ने भएकाले ती क्षेत्रका बासिन्दालाई आवश्यक सावधानी अपनाउन महाशाखाले अनुरोध गरेको छ । यसबाट दैनिक जनजीवन, कृषि, स्वास्थ्य सेवा, पर्यटन, पर्वतारोहण तथा सडक र हवाई यातायात सेवा प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउन अनुरोध गरिएको हो । रासस

# देशका विभिन्न स्थानमा सडक अवरुद्ध, यातायात प्रभावित

काठमाण्डु । वर्षा, पहिरो, भास र कटानका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् ।

प्रहरी प्रधानकार्यालयले शनिबार बिहान ७:०० बजेसम्म अवरुद्ध रहेका सडकको विवरणअनुसार तेह्रथुमको मध्यपहाडी लोकमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग, इलामको मेची राजमार्ग, रसुवाको त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडक, मुगुको नाग्म-गमगढी सडक, रुकुम पश्चिमको भेरी करिडोर र सोलुखुम्बुको सल्लेरी-लुक्ला सडकखण्डमा यातायात सेवा प्रभावित भएको छ ।



काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबैँसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवार ीसाधन सञ्चालनमा रोक लगाइएको छ । बिहान ४:०० देखि बेलुका ६:०० बजेसम्म भने सवारी सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

यसैगरी, कान्ति लोकपथमा पनि वर्षायामका कारण बेलुका ५:०० देखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवार ीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ राजदुवालीमा वर्षाका कारण सडक हिलाम्मे भएपछि यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त क्षेत्रमा वैकल्पिक मार्ग भने सञ्चालनमा छ ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाअन्तर्गत जिरोकिलो, कोदारी र लिपिङ क्षेत्रमा पहिरो र सडक भासिएपछि अरनिको र ाजमार्गका विभिन्न खण्ड पूर्ण रूपमा अवरुद्ध छन् ।

लामासाँघु-रामेछाप सडकखण्डको दोलखाको तामाकोशी गाउँपालिका-५ किर्नेटारमा सामाकोशी खोलाले सडक कटान गरेपछि यातायात अवरुद्ध भएको छ । यद्यपि खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाको कार्यालय परिसर हुँदै वैकल्पिक मार्ग सञ्चालनमा ल्याइएको छ ।

यसैगरी, सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-१ निलदोर्जे पर्यटक सडकखण्डअन्तर्गत सल्लेर ी-लुक्ला सडक र तेह्रथुमको लालीगुराँस नगरपालिका-९ काडे पिङवाखोला नजिक मध्यपहाडी लोकमार्ग पहिरोले अवरुद्ध भएको छ ।

प्रहरीले वर्षायाममा पहिरो, बाढी र सडक कटानको जोखिम कायमै रहेकाले यात्रा गर्नुअघि सम्बन्धित निकायबाट सडक अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । रासस

# एक महिनादेखि इलाम-राजदुवाली सडक अवरुद्ध, प्रहरीको सहयोगमा यात्रा

इलाम । मेची राजमार्गअन्तर्गत इलाम-र ाजदुवाली सडकखण्ड एक महिनादेखि अवरुद्ध छ । गत असार २३ गते इलाम नगर पालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्डमा पहिरो गएपछि अवरुद्ध बनेको सडक अझै सञ्चालनमा आएको छैन ।

माथिबाट लेदोसहितको पहिरो खस्नुका साथै सडक भाँसिएपछि एक महिनायता अवरुद्ध रहेको सो सडक खुलाउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो ।

"पहिरो पन्छाएपछि भाँसिएका क्षेत्रमा पुरेर ग्राभेल गरी सडक सञ्चालन गर्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "वर्षाका कारण दलदलमा काम गर्न सकिँदैन । तीन-चार दिन घाम लागेपछि मात्र काम सुरु हुन्छ, तर काम सम्पन्न नहुँदै पानी परेर पुनःभाँसिने समस्याले हैरानी बनाइरहेको छ ।" घाम लागेमा भाँसिएको स्थान पुरेर ग्राभेल गर्ने, भित्तातर्फ अस्थायी ड्रेन निर्माण गर्ने गरी सडक सञ्चालनमा ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

सडक डिभिजन कार्यालय इलाम, स्थानीय बासिन्दा र सुरक्षाकर्मीले सडक खुलाउन प्रयास गरिरहेका छन् । अवरुद्ध सडक सञ्चालन गर्न सुरक्षाकर्मी, स्थानीयलगायतको सहकार्यमा प्रयास भइरहेको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख पवन भट्टराईले बताउनुभयो । "सडक खुलाउन हामी दिनरात लागिरहेका छौँ", उहाँले भन्नुभयो, "तर अलिकति पानी पर्नासाथ सडक भाँसिने प्रमुख समस्या छ ।"



सडक अवरुद्ध भएपछि एक महिनादेखि इलाम सदरमुकामसहित पाँचथर र ताप्लेजुङको झापासँग सडक सम्पर्क विच्छेद बनेको स्थानीय बताउँछन् । इलामसहित पाँचथर र ताप्लेजुङबाट झापातर्फ गएका सवार ीसाधन माइखोला वारिसम्म र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङतर्फ आएका सवारीसाधन माइखोला पारीसम्म आउने/जाने गरिरहेका प्रजिअ ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार माइखोला पारिबाट वारी पहिरोमाथिसम्म र वारी पहिरोमाथिबाट माइखोलापारीसम्म करिब डेढ किलोमिटर यात्रुलाई पैदल आवतजावत गर्नुपर्ने बाध्यता छ । बिरामी, अशक्त एवं ज्येष्ठ नागरिकलाई भने स्टेचरमा बोकेर माइखोला पारीसम्म पुऱ्याउन सुरक्षाकर्मीले सहयोग गरिरहेका उहाँले बताउनुभयो ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले बिरामी, अशक्त एवं ज्येष्ठ नागरिकलाई स्टेचरबाट बोकेर पहिरो प्रभावित क्षेत्रमा वारपार गर्न सहयोग गरिरहेका जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक कुलदीप चन्दले बताउनुभयो ।

प्रहरी निरीक्षक देविदत्त मोतेको नेतृत्वमा १० जना प्रहरी आलोपालो गरी २४सै घण्टा पहिरो प्रभावित क्षेत्रमा खटिएको उहाँले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले भने बिहानदेखि बेलुकासम्म समन्वय सहयोग गरिरहेका छन् । प्रहरीले सो क्षेत्रमा गत असार १७ गतेदेखि हेल्पडेक्स (सहायता कक्ष) स्थापना गरी सहयोग गर्दै आएको छ ।

वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको मेची करिडोर (केचना-कञ्चनजङ्घा सडक)अन्तर्गत पुवाखोला र तिल्केनी-सिमलगोलाई सडकअन्तर्गत जोगमाइ खोलामा समेत पुल नभएकाले समस्या भइरहेको प्रजिअ ढकालले उल्लेख गर्नुभयो ।

घाम लागेका बेला अस्थायी डाइभर्सन निर्माण गरी सडक सञ्चालन गरिए पनि वर्षा हुनसाथ बाढीले डाइभर्सन बगाउने समस्याले इलामबाट झापा झर्ने कुनै वैकल्पिक सडक नभएको उहाँले बताउनुभयो । गत असोज १८ गतेको वर्षासँगैको पहिरोले अवरुद्ध भएको सो सडक १४ दिनपछि सञ्चालन भएको थियो । यसपटक भने उक्त सबैभन्दा बढी समय अवरुद्ध भएको हो ।

**सडकका कारण उपभोग्य सामग्री महङ्गियो**

सडक अवरुद्ध भएपछि निर्माणसहित दैनिक उपभोग्य सामग्री महङ्गिएका छन् । सामान्य अवस्थामा झापाबाट इलामसम्म प्रतिकिलो रु दुई सयमा आउने सामान अहिले रु पाँच सयदेखि छ सयसम्म पुग्न थालेको जिल्लास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौडेलेले बताउनुभयो । मेची राजमार्गमा ठूला सवारीसाधन कुद्न सकेका छैनन् । साना गाडीबाट सामग्री ल्याउनुपरेकाले ढुवानीमा महँगो पर्ने गरेको हो", उहाँले भन्नुभयो ।

**खाना पकाउने ग्यासको अभाव**

पछिल्लो समय इलाममा खाना पकाउने ग्यासको अभाव देखिएको छ । यसअघि आधा सिलिण्डर ग्यास बिक्रीवितरण हुँदा उपभोक्तालाई केही सहज भए पनि पूरा सिलिण्डर आपूर्ति नर्न थालेपछि बजारमा अभाव देखिएको स्थानीय प्रकाश नेपालले बताउनुभयो ।।

"आफ्नै घर हुनेले जसोतसो आगो बालेर भए पनि खाना पकाएर खान सक्छन् । तर कोठा भाडामा बस्ने विद्यार्थीलाई सबैभन्दा बढी समस्या परेको छ", उहाँले भन्नुभयो, "नियमित विद्युत् आपूर्तिमा समस्या भइरहेकाले वैकल्पिक उपायका रूपमा विद्युतीय चुलोसमेत चलाउन पाइएको छैन ।" रासस

# माङसेबुङका ११ विद्यालयमा लिम्बू र वान्तवा भाषा अनिवार्य




इलाम । जिल्लाको माङसेबुङ गाउँपालिकाले ११ वटा सामुदायिक विद्यालयमा लिम्बू र वान्तवा भाषा अनिवार्य गरेको छ ।

गाउँपालिकाले राई समुदायका विद्यार्थीको बाहुल्य रहेका तीनवटा विद्यालयमा यसै शैक्षिक सत्रदेखि वान्तवा भाषा तथा लिम्बू समुदायका विद्यार्थीको बाहुल्य रहेका थप तीनवटा विद्यालयमा लिम्बू भाषा पाठ्यपुस्तक अनिवार्य विषयका रूपमा लागु गरेको हो ।

यसअघि चारवटा विद्यालयमा लिम्बू र एउटा विद्यालयमा वान्तवा भाषा अध्यापन हुँदै आएको थियो ।

शिक्षा शाखा प्रमुख बुद्धिप्रसाद खतिवडाका अनुसार माङसेबुङ-२ स्थित सरस्वती आधारभूत विद्यालय, माङसेबुङ-४ स्थित जनता आधार भूत विद्यालय र माङसेबुङ-६ स्थित सिंहेश्वरी आधारभूत विद्यालयमा यस वर्षदेखि वान्तवा भाषा पाठ्यपुस्तक लागु गरिएको हो । यसअघि माङसेबुङ-६ स्थित चिसोपानी माध्यमिक विद्यालयमा मात्र वान्तवा भाषा पठनपाठन हुँदै आएको थियो ।

यसैगरी, माङसेबुङ-१ स्थित गजुरमुखी आधारभूत विद्यालय र मण्डिका आधारभूत विद्यालय तथा माङसेबुङ-३ स्थित दुर्गा माध्यमिक विद्यालयमा यस वर्षदेखि लिम्बू भाषा पाठ्यपुस्तक लागु गरिएको छ ।


यसअघि माङसेबुङ-३ स्थित पवित्रा आधारभूत विद्यालय तथा माङसेबुङ-५ स्थित साम्जिक मुन्धुम आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय र साम्जिक मुन्धुम पाठशालामा लिम्बू भाषा पढाइ हुँदै आएको थियो ।

मातृभाषा लागु भएका विद्यालयमा गाउँपालिकाले आन्तरिक स्रोतबाट तलबभत्ता उपलब्ध गराउने गरी शिक्षक दरबन्दी सिर्जना गरेर शिक्षकको व्यवस्था गरेको छ । गाउँपालिका अध्यक्ष हेमन्त राईले प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा विद्यालय तथा शैक्षिक संस्था सञ्चालनको अधिकार संविधानले दिएको सम्झाउँदै सोहीअनुसार मातृभाषा शिक्षालाई प्राथमिकता दिइएको बताउनुभयो ।

"हामीले नयाँ शैक्षिक संस्था त खोलेनौँ, सामुदायिक बाहुल्य भएको विद्यालयमा मातृभाषा शिक्षकको दरबन्दी सिर्जना गरी मातृभाषा पाठ्यपुस्तक लागु गरेर पठनपाठन गराएका हौँ," अध्यक्ष राईले भन्नुभयो ।

मातृभाषा शिक्षा लागु नभएका अन्य विद्यालयमा स्थानीय पाठ्यपुस्तक 'हाम्रो माङसेबुङ' अध्यापन हुँदै आएको छ ।

माङसेबुङ गाउँपालिकाले गत जेठ १२ गतेदेखि गाउँपालिकाभर लिम्बू भाषालाई सरकारी कामकाजको भाषा घोषणा गरी लागु गरेको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रेडक्रसको सबै छानबिन गर

नेपाल रेडक्रस सोसाइटी धनुषा र त्यसको मातहतमा रहेको जानकी आँखा अस्पताल भ्रष्टाचारको ठूलो अखाडा बनेको थियो । तीसौं वर्षदेखि एकजनाले कब्जामा लिएको रेडक्रस सोसाइटी धनुषा र जानकी आँखा अस्पतालमा करोडौंको भ्रष्टाचार भएको छ । संस्थालाई अपारदर्शी बनाइएको थियो । सीमित व्यक्ति नै सदैव रेडक्रस सोसाइटीमा हालीमुहाली गरेकोले त्यहाँ भएको करोडौं भ्रष्टाचारको विषयमा सर्वसधारणले जानकारी समेत पाएनन् । रेडक्रस धनुषाबाट आमनागरिकले रगत पाउनु बाहेक अन्य सुविधा पाएनन् । तर हरेक वर्ष लाखौं रुपैयाँको विभिन्न भौतिक सामग्री, सवारी साधन लगायतका उपकरणहरु रेडक्रस र आँखा अस्पतालमा अनुदानमा बिभिन्न देश र विदेशी निकायहरुले उपलब्ध गराउँदै आएको छ । तर ती सबै सामग्री र अन्य सहयोगहरु संस्थाका अध्यक्षले मात्र उपयोग गर्दै आएका थिए । उनले रेडक्रसको सदस्यता समेत आफ्नो नियन्त्रणमा राखेको र आफ्ना रबर छापहरुलाई मात्र दिने गरेका थिए । रेडक्रस सोसाइटी धनुषाको निजी आम्दानी पनि महिनाको प्रयाप्त छ । बडहडी, उत्तिमपुर, अस्पताललगायतको स्थानबाट रेडक्रसलाई वार्षिक लाखौं रुपैयाँ निजी आम्दानी छ । त्यसपछि वैदेशिक आम्दानीहरु छन् । रगतको लागि लिने शुल्क, आँखा अस्पतालको आम्दानी सबैमा अध्यक्षको एकल रजाई थियो । रेडक्रसका पुराना सदस्यहरुले मात्र नभइ अन्य निकायहरुले समेत त्यहाँ हुने अनियमितताको विरुद्ध चासो लिन नै छाडेका थिए । यस अघि पनि रेडक्रस धनुषाको अध्यक्ष फेरिएको थियो । तर अध्यक्ष बनेकालाई कार्यालयमा प्रवेश समेत गर्न दिएको थिएन । रेडक्रस धनुषा र जानकी आँखा अस्पतालमा रहेका कर्मचारीहरुले संस्थालाई व्यक्तिको निजी बनाएर ब्रम्हलुट मच्चाएका थिए । उनीहरुको समेत सबै धन्धाको छानबिन गर्न आवश्यक छ । रेडक्रस र जानकी आँखा अस्पतालको कम्तीमा तीन दशकको छानबिन गर्न आवश्यक छ । नवनियुक्त अध्यक्ष पंकज महतोले जानकी आँखा अस्पतालको निरिक्षण गरी सार्वजनिक गरेका भिडीयोहरुले त्यसमा हुने गरेको भ्रष्टाचारहरुलाई छर्लंग गरेको छ । अध्यक्ष महतोले एउटा अत्यन्त सम्मानित र जनसेवी संस्थाको जिम्मेवारी पाएका छन् । उनले आफ्ना कार्य क्षमता देखाउने राम्रो अवसर हो । रेडक्रस र जानकी आँखा अस्पताललाई सुधार गर्न महतोले संस्थालाई पूर्ण पारदर्शी बनाउनु पर्छ ।त्यहाँ कार्यरत्त कर्मचारीहरुपनि अध्यक्षको गिरोहमा रहेका छन् । उनीहरुले महतोलाई असफल बनाउन हरसम्भव प्रयास गर्ने छन् । तर रेडक्रसमा भएको गडबडीलाई सार्वजनिक गर्न सके जनविश्वास प्राप्त गर्न सक्नेछ । रेडक्रस धनुषा दशकौं पछि खल्तीबाट बाहिर निस्केको छ । धेरैले त्यसमा अब आमुल सुधार हुने विश्वास गरेका छन् । आँखा अस्पतालमा काटिने टिकट र त्यहाँबाट हुने आम्दानीहरुको हरहिसाब गर्न समेत आवश्यक छ । रेडक्रसको सुधारका लागि सबै तर्फबाट सकारात्मक पहल होस् ।

# परम्परागत गाडीमा मोर्चाको सवारी



● विजय मस्त

प्रतिनिधिसभा निर्वाचनको चार महिना नबित्दै नेपाली राजनीतिमा फेरि गठबन्धन र मोर्चाबन्दीको मौसम सुरु भएको छ। निर्वाचनमा मतदाताले दिएको जनादेशको अर्थ र त्यसबाट बनेको सरकारले जनताको राजनीतिक सन्देशलाई आत्मसात् गर्न नपाउँदै दलहरू नयाँ समीकरण बनाउन सक्रिय भएका छन्। एकातिर संसद भित्रका विपक्षी दलका रूपमा रहेका दलहरूबीच गठबन्धनको अभ्यास चलिरहेको छ भने अर्कोतिर संसद वाहिर रहेका दलहरू पनि मोर्चाबन्दीमार्फत आफ्नो राजनीतिक शक्ति पुनःसंगठित गर्ने प्रयासमा छन्।

केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले र पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच वाम गठबन्धन भएको छ। उनीहरूको सहकार्यको प्रत्यक्ष प्रभावस्वरूप विभिन्न प्रदेशमा बाँडीचुँडी सरकार सञ्चालन गर्ने सहमति भएको छ। प्रदेश सरकार परिवर्तनको प्रक्रिया पनि सुरु भइसकेको छ।

यता, संसद बाहिर रहेका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, सीके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नेपाल, जनार्दन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टी र हरिनन्दन कुमार अम्बेडकर नेतृत्वको बहुजन एकता पार्टीले अग्रगामी मोर्चा गठन गरेका छन्। सात दल सहभागी यस मोर्चामा चारवटा दलको प्रदेश तथा स्थानीय तहमा जनप्रतिनिधिसहितको उपस्थिति छ भने तीनवटा पार्टी कुनै पनि तहमा आफ्नो उपस्थिति दर्ज गराउन सकेका छैनन्। यीसँगै केही नयाँ पार्टीहरु स्थापना गर्ने कार्य पनि भइरहेको छ।

यी सबै दल र तिनका नेतृत्वकर्ताको नेपाली राजनीतिक इतिहासमा आ-आफ्नै योगदान र संघर्षको पृष्ठभूमि छ। फरक-फरक कालखण्डमा जनताले उनीहरूको संघर्ष, विचार र नेतृत्व क्षमताका आधारमा आवश्यक समर्थन गरेका छन्। विभिन्न निर्वाचन मार्फत मतदाताले उनीहरुलाई जनादेश पनि दिएका छन्। त्यसैले यी दल वा नेतृत्वको राजनीतिक अस्तित्वलाई प्रश्न गर्नु उद्देश्य होइन। तर निर्वाचनमार्फत जनताले दिएको नयाँ राजनीतिक सन्देशलाई यी दलहरूले कत्तिको सम्मान गर्न सके, यसको विश्लेषण हुनुपर्दछ।

### मोर्चाबन्दीको औचित्य

राजनीतिमा मोर्चाबन्दी वा गठबन्धन गर्नु आफैँमा गलत संस्कार होइन। समान विचार, समान राजनीतिक उद्देश्य र साझा राष्ट्रिय एजेन्डाका आधारमा दलहरूबीच सहकार्य हुनु लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। यस्ता मोर्चाबन्दीले इतिहासमा ठूला राजनीतिक परिवर्तन तथा जनतालाई लोकतान्त्रिक अधिकार दिलाउन सफल भएका उदाहरणहरू छन्। विशेषगरी कमजोर र छरिएका राजनीतिक शक्तिहरूले साझा राष्ट्रिय मुद्दामा एक ठाउँमा उभिनु राजनीतिक रूपमा आवश्यकसमेत हुन्छ।

तर कुनै पनि मोर्चाबन्दीको औचित्य त्यसमा सहभागी दलहरूको संख्याभन्दा उनीहरूले उठाएका एजेन्डा, तत्कालीन राजनीतिक परिस्थिति र त्यसले जनताको जीवनमा पार्ने प्रभावले निर्धारण गर्छ।

यदि मोर्चाबन्दी संविधानको प्रभावकारी कार्यान्वयन, संघीयताको सुदृढीकरण, सुशासन, रोजगारी, आर्थिक विकास, सामाजिक न्याय वा राज्यको संरचनामा देखिएका कमजोरी सुधार गर्ने स्पष्ट कार्यक्रमका लागि हो भने त्यसको स्वागत गर्नुपर्छ। तर यदि यस्ता गठबन्धन केवल सरकार उलटफेर तथा कमजोर दलहरूको राजनीतिक अस्तित्व जोगाउने प्रपञ्च मात्र हुन् भने त्यसलाई स्वाभाविक रूपमा स्वीकार गर्न सकिँदैन।

गत प्रतिनिधिसभाको निर्वाचनले सुशासन र विकासका लागि स्थायित्वसहितको जनादेश मात्र दिएको छैन। यसले परम्परागत राजनीतिक ध्रुवीकरण, निर्वाचनपूर्वको गठबन्धन र सत्ताकेन्द्रित अस्वाभाविक गठबन्धनलाई पूर्ण रूपमा खारेज गरिदिएको छ। राजनीतिक दलहरूमा पुस्तान्तरण तथा नवीन संस्कारलाई अवलम्बन गर्न उत्प्रेरित गरेको छ। राज्यका हरेक निकाय तथा क्षेत्रमा हुने राजनीतिक खिचातानी, हस्तक्षेप तथा यथास्थितिमा रमाउने परम्परालाई जनताले अस्वीकार गरेको छ।

वर्तमान परिस्थितिमा दुई तिहाइको बलियो सरकार गठन भएको छ। पहिलोपटक कुनै पार्टीको नेतृत्वले आफ्नो प्रधानमन्त्रीत्वको पाँचवर्षे कार्यकाल पूरा गर्ने सम्भावना देखिएको छ। सुशासन र विकासका मुद्दामा जनताले स्पष्ट जनादेश दिएका छन्। यस्तो अवस्थामा राजनीतिक दलहरूको जिम्मेवारी सरकारलाई असफल बनाउने रणनीति बनाउनु होइन, उसले जनतासँग गरेका प्रतिबद्धता पूरा गरिरहेको छ कि छैन भनेर सक्रिय निगरानी गर्नु हो।

त्यसैले अहिले गठन भइरहेका विभिन्न मोर्चा तथा गठबन्धनहरूको सबैभन्दा ठूलो परीक्षा पनि यही हो। उनीहरू सरकारलाई थप समस्या सिर्जना गर्न उभिन्छन् कि जनताको पहरेदारका रूपमा उभिन्छन् ? उनीहरूको उद्देश्य स्पष्ट हुनुपर्छ ।




*Ai Generated Image.*

### पुरानै शैली र डरको राजनीति

राजनीतिक दलहरू फेरिन सक्छन्, गठबन्धनका नाम फेरिन सक्छन्, नेतृत्वका अनुहार पनि फेरिन सक्छन्। तर राजनीतिको शैली र प्रवृत्ति उही रह्यो भने त्यसबाट देशको दुर्दशाबाहेक अर्को परिणाम आउनेछैन।

वाम गठबन्धनको नाममा एकीकृत भएका नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले विगतमा पनि यस्ता ध्रुवीकरण गरिसकेका छन्। उनीहरूले सरकार गठनका लागि, निर्वाचनमा ठूलो पार्टी बन्नका लागि तथा पार्टी एकीकरणको अभ्याससमेत गरेका थिए। तर उनीहरू असफल भइसकेका छन्। तिनै नेतृत्वकर्ताको अगुवाइमा पुरानै राजनीतिक एजेन्डा र कार्यक्रमलाई अब जनताले विश्वास गरी सहयोग गर्ने सम्भावना कम छ।

सातदलीय संसद वाहिरको अग्रगामी मोर्चाका नाममा संगठित भएका मधेशकेन्द्रित र केही साना दलहरू पनि विगतमा एकीकृत नभएका होइनन्। तर राजनीतिक उद्देश्य खासै फरक नरहेका यी दलहरूसँग एकातिर कमजोर संगठन छ भने अर्कोतिर उनीहरूले मोर्चाबन्दीमार्फत सफलता प्राप्त गरेका इतिहास पनि थोरै छन्। काम नभएको बेला संगठित भएको सन्देश दिने यी दलहरूले निर्वाचन अथवा जनताको पक्षमा सँगै काम गरेको उदाहरण पाउन कठिन छ।

अहिले यी मोर्चालगायत सत्ताबाहिरका राजनीतिक दलहरूले आफ्ना पुरानै एजेन्डा गणतन्त्र, संघीयता, लोकतन्त्र र धर्मनिरपेक्षता खतरामा रहेको बताइरहेका छन्। संविधानले संस्थागत गर्दै अभ्यासमा आएको एक दशकपछि पनि सुशासन र विकासका नयाँ एजेन्डामा केन्द्रित हुनुका साटो दुई दशक पुराना विषयमा केन्द्रित कार्यक्रमहरू ल्याउन खोजेका छन्। संविधान कार्यान्वयनका लागि स्पष्ट जनदबाब सिर्जना गर्नुको साटो संविधान संशोधनको डर देखाएर जनतामा एक किसिमको त्रास उत्पन्न गर्ने प्रयासमा छन्।

नयाँ संविधान जारी भएपछि नेपालले भोगेको सबैभन्दा डर र अनिश्चितताको समय जेनजी विद्रोहका बेला थियो। त्यसबखत राष्ट्रमाथि नै ठूलो खतरा उत्पन्न भएको थियो। संविधान जोगाउने विषय सबैभन्दा प्राथमिक थियो। फेरि राजा फर्किन्छन् कि ? पुरानै सत्ता दोहोरिन्छ कि ? सेनाले देश चलाउने हो कि ? भन्ने विषयमा सबैको चासो र सरोकार थियो।

तर खासमा यी शंका र डरको त्रास फैलाउने प्रमुख पात्रहरू पनि यिनै राजनीतिक नेतृत्वकर्ताहरू थिए। आफ्नो हातबाट सदाका लागि सत्ता गुम्ने डरले उनीहरूले संविधान र देश असफल हुने सन्देश प्रवाह गरेका थिए। जेनजी विद्रोहका क्रममा लामो समयदेखि सत्ताको वरिपरि रहेका राजनीतिक शक्तिका धेरै पात्रहरू पनि त्यसको प्रत्यक्ष प्रभावबाट पीडित बने। उनीहरूका लागि विशिष्ट त के, सामान्य नागरिकसरह बाँच्न सक्ने वातावरणसमेत नरहेको अवस्था सिर्जना भएको थियो।

तर समय बित्दै जाँदा त्यस विद्रोहको उद्देश्य र तत्कालीन नेताहरूले फैलाउन खोजेको डरको राजनीतिक सन्देश विस्तारै स्पष्ट हुँदै गयो। युवाहरूले अगुवाइ गरेको उक्त विद्रोहमा सर्वसाधारण र नागरिक समाजको समेत समर्थन र सहयोग थियो भन्ने कुरा यी नेताहरूले बुझ्न सकेनन्। पुराना राजनीतिक दल तथा तिनका नेतृत्वप्रति आम मतदातामा बढ्दै गएको वितृष्णाले उनीहरूको मन दुखाएको थियो। अब उनीहरू सबैको विकल्प खोजिँदै छ भन्ने विषय पनि क्रमशः छर्लंग हुँदै गएको थियो।

लोकतन्त्रमा जनताले आफ्नो अधिकार प्रयोग गर्ने मूलतः दुईवटा बाटा हुन्छन्। एउटा आन्दोलन र अर्को मतदान। जेनजी विद्रोह तथा त्यसपछिको निर्वाचनमार्फत जनताले यी दल तथा नेतृत्वप्रतिको अस्वीकारलाई संस्थागत गर्न सफल भए। अब पनि चेत खुल्न नसकेका यी मोर्चाकेन्द्रित दलहरूको राजनीतिक भविष्य राम्रो देखिँदैन।

### भविष्यको तयारी

अहिले सत्तामा राष्ट्रिय स्वतन्त्र पार्टी एक्लै छ। उससँग प्रतिनिधिसभामा दुई तिहाइ मत छ। राष्ट्रियसभा, प्रदेशसभा तथा स्थानीय तहमा भने उसको उपस्थिति शून्य बराबर छ। यस्तो अवस्थामा संविधान संशोधनको उसको परिकल्पना पूरा हुने सम्भावना छैन।

हो, संविधान संशोधनको विषय रास्वपाभन्दा पनि यी मोर्चाकेन्द्रित अधिकांश दलहरूले विगतदेखि नै उठाउँदै आएका थिए। तर आफू सत्तामा हुँदा संविधान संशोधनको सामान्य बहससमेत चलाउन नसकेका यी दल तथा नेतृत्वहरूले अहिले संविधान संशोधनको प्रस्तावमाथि सकारात्मक भूमिका निर्वाह गर्नेमा शंका गर्ने ठाउँ छ।

अर्को कुरा, जब रास्वपाले वर्तमान परिस्थितिमा संविधान संशोधनको प्रस्ताव ल्याउने सम्भावना नै नरहेको अवस्थामा त्यसको विरोधमा मोर्चाबन्दी गर्नुको औचित्य पनि प्रमाणित गर्न सकिँदैन। रास्वपाभित्रै विभिन्न गुटहरू छन्। प्रधानमन्त्री बालेन्द्र शाहले संविधान संशोधन आगामी पचास वर्षसम्मका लागि पनि आवश्यक नरहेको बताइसकेका छन्। त्यस्तै, धर्मनिरपेक्षता, लोकतन्त्र र संघीयताप्रति उनको दृढ प्रतिबद्धता पनि सार्वजनिक भइसकेको छ।

यस्तो अवस्थामा रास्वपाको महाधिवेशनले गरेका केही बुँदे प्रस्तावकै कारण नयाँ-नयाँ राजनीतिक ध्रुवीकरण आवश्यक देखिँदैन। बरु यी दलहरू सुशासन र विकासकेन्द्रित हुनुपर्ने र सरकारलाई जवाफदेही बनाउने कार्यक्रम अघि सार्नु बढी सान्दर्भिक हुन सक्छ।

त्यसैगरी, रास्वपाले चाहेअनुसार राम्रो प्रदर्शन गर्नबाट रोक्न अन्य दलहरू आगामी प्रदेश तथा स्थानीय तहको निर्वाचनकेन्द्रित हुनुपर्छ। उनीहरूले संविधान कार्यान्वयन, प्रदेशका अधिकार, स्थानीय तहको सुदृढीकरण तथा जनताको दैनिक जीवनसँग जोडिएका सवाललाई आफ्नो राजनीतिक एजेन्डाको केन्द्रमा राख्नुपर्छ।

मतदाताले केन्द्रमा बलियो र स्थायी सरकारको परिकल्पनासहित वैकल्पिक राजनीतिक शक्तिलाई जनादेश दिएका छन्। तर प्रदेश र स्थानीय तहको सन्दर्भ भने फरक विषय हो। यहाँ पनि रास्वपाले नै राम्रो प्रदर्शन गर्ने सम्भावना कम देखिन्छ। तर यी मोर्चाहरूले पनि राम्रो प्रदर्शन गर्न सकेनन् भने नयाँ दलको विकल्पमा पुराना दललाई नै सहयोग गर्नुपर्ने अवस्था पक्कै रहँदैन। भोलिका दिनमा अझ नयाँ वैकल्पिक राजनीतिक शक्तिहरू आउने सम्भावना छ। त्यसैले अहिलेका राजनीतिक दल र मोर्चाहरूले आफ्नो भविष्य पुराना दलको कमजोरीमा होइन, जनताको विश्वास जित्ने आफ्नै क्षमता र कार्यशैलीमा खोज्न आवश्यक छ।

राजनीतिक दलको भविष्य केवल विगतको योगदान वा वर्तमानको गठबन्धनले निर्धारण गर्दैन। उसले बदलिँदो समाज, मतदाता र राजनीतिक अपेक्षालाई कति बुझ्छ र आफूलाई कति परिवर्तन गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ। राजनीतिक दल र लोकतन्त्रबीचको सम्बन्धबारे अध्ययन गरेका राजनीतिक वैज्ञानिक पिटर मेयरले स्थापित दलहरू मतदाताबाट टाढिँदै जाँदा प्रतिनिधिमूलक लोकतन्त्र नै कमजोर हुने अवस्थातर्फ संकेत गरेका छन्। पछिल्लो राजनीतिक दलसम्बन्धी अध्ययनले पनि नयाँ सामाजिक तथा राजनीतिक परिस्थितिअनुसार आफूलाई अनुकूलन गर्न नसक्ने स्थापित दलहरू कमजोर हुँदै जाने र त्यसले नयाँ राजनीतिक शक्तिका लागि ठाउँ सिर्जना गर्ने देखाएको छ।

नेपालको अहिलेको राजनीतिक परिस्थिति पनि यसै प्रश्नको वरिपरि घुमिरहेको छ। जनताले पुराना दललाई अस्वीकार गरेर मात्र नयाँलाई स्वीकार गरेका होइनन्। उनीहरूले राजनीतिक कार्यशैली, नेतृत्वको संस्कार र शासन गर्ने तरिकामै परिवर्तन खोजेका हुन्। त्यसैले आफ्ना पुराना पहिचानबाट अलग देखिन खोज्ने मोर्चाहरूले पनि आफ्नो राजनीतिक औचित्य केवल रास्वपाको विरोधमा खोज्नु पर्याप्त हुँदैन। उनीहरूले जनताले खोजेको नयाँ राजनीतिक विकल्प आफूहरू नै हौं भन्ने प्रमाणित गर्नुपर्छ।

यसका लागि पुराना एजेन्डाको पुनरावृत्ति होइन, जनताको दैनिक जीवनसँग जोडिएका नयाँ एजेन्डा आवश्यक छन्। सुशासन, रोजगारी, आर्थिक अवसर, शिक्षा, स्वास्थ्य, संघीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय तहको सुदृढीकरण र राज्य संयन्त्रमा जवाफदेहिता उनीहरूको प्राथमिकतामा पर्नुपर्छ। जनताका समस्या संवोधन गर्न सक्ने साझा राजनीतिक कार्यक्रम निर्माण गर्नु पर्छ।

राजनीतिक अध्येता फ्रान्सिस फुकुयामाको अध्ययनले पनि राजनीतिक संस्थाहरू बदलिँदो परिस्थितिअनुसार अनुकूलित हुन नसक्दा राजनीतिक क्षय उत्पन्न हुन सक्ने तर्क गरेका छन्। नेपालको सन्दर्भमा यसको अर्थ अझ गम्भीर छ। दलहरू परिवर्तनको मागलाई बुझेर आफूलाई रूपान्तरण गर्न सकेनन् भने जनताले दल परिवर्तन मात्र होइन, राजनीतिक विकल्प नै परिवर्तन गर्न सक्छन्।

त्यसैले अहिले बनेका मोर्चाहरूको वास्तविक चुनौती रास्वपालाई रोक्नु होइन, आफूलाई जनताको विकल्पका रूपमा स्थापित गर्नु हो। अव आन्दोलनका कार्यक्रम होइन्, विकास र सामाजिक न्यायका नयाँ अवधारणा र कार्यक्रम ल्याउनु पर्छ। अन्यथा इतिहासमा योगदान गरेका दल र नेतृत्व पनि इतिहासकै विषय बन्न सक्छन्। राजनीतिको गाडीमा पुराना यात्रुहरू फेरि नयाँ मोर्चाको नाममा चढ्न सक्छन्, तर जनताले राजनीतिक परम्परा र गन्तव्य पनि बदल्न खोजिरहेका छन्।

# कार्यकारी बालेन्द्रमाथि भाइरल बालेनको थिचोमिचो !



● संकेत कोइराला

समकालीन राजनीतिमा बालेन र बालेन्द्र एउटै इञ्जिनबाट सञ्चालित जहाजका दुई पखेटा हुन् । वालेन्द्र नाम मुलुकको कार्यकारी प्रधानमन्त्री पदमा आसीन छ भने बालेन सामाजिक सञ्जालबाट करोडौं आम्दानी गर्ने भाइरल पात्रका नाममा स्थापित छ । सरकारमा पेश भएको करोडौं सम्पत्तिको आयस्रोत सामाजिक सञ्जाल देखाइरहँदा उनी यी दुवै नाम समानान्तर गतिमा अघि बढाउन चाहन्छन् । रहस्यमयी बन्दै जाँदा बालेन फस्टाउँछ, करुणाको दायरा फराकिलो बनाइँदा वालेन्द्रको साख बढ्छ । बालेन क्रेजले पैसाको चाङ लाग्ला ! तर यसबाट कीर्तिमानी बन्न सम्भव छैन । कीर्तिमानी हुन तेजस्वी, ओजस्वी, सुरवीर वालेन्द्र चाहिन्छ । तीन करोड जनताले भरोसा गर्ने अभिभावकत्व वालेन्द्र पात्रबाट अपेक्षित छ ।जनताका अनगिन्ती इच्छा र अपेक्षा कसरी पूरा गर्ने त ? वालेन्द्रअघि पनि त्यो कुर्सीमा धेरै मानिस बसेका थिए । यसपछि अर्को व्यक्तिले वालेन्द्रलाई धकेल्ने निश्चित छ । अर राजनीतिक मानिसका लागि राजनीतिको बाटो सहज बनेपछि फास्ट ट्र्याकले कसले कसलाई कहाँ पुऱ्याउँछ भन्न सकिन्न । सडक, यातायात, खानेपानी बनाएर अब विकास पूरा हुँदैन । यी हार्डवेयर मात्र हुन् । अब मानिसलाई चाहिएको पहिलो भनेको आन्तरिक खुसी हो । संघर्षभन्दा शरीरमा पेट्रोल छर्कनुलाई नागरिकले मुक्तिको सहज बाटो ठान्छ भने यो अपवाद नभएर निराशाको सूचक हो । अब हिजोतिर औंला तेर्स्याएर आज उम्कन सम्भव छैन ।

यदि वालेन्द्रमा विवेक हावी हुन्थ्यो भने वालेन्द्रले मुलुकको कार्यकारी पदको सपथ लिँदा सामाजिक सञ्जालबाट 'बालेन'का सम्पूर्ण सटर बन्द गर्नुपर्थ्यो । आम्दानीका अमूर्त बाटाहरूसँग सम्बन्ध विच्छेदको घोषणा गर्नुपर्थ्यो । सचिवालयमा जति सदस्य हाले पनि आपत्ति भएन । तर मुलुकको विधि विधान आफ्ना भजनमण्डलीले कब्जा गरेको कम्तिमा सूचना प्रवाहित हुनुहुन्थेन । संविधान संशोधन कार्यदलको संयोजकको जिम्मेवारी पाएका प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारलाई जुनसुकै पदले विभूषित गरे पनि उनलाई लोकले दिएको मान्यता भनेको मूलतः नौटङ्की नै हो । लोकले स्वीकृत नदिएको मानिस पदले विभूषित भए पनि समयले उसलाई सम्झँदैन । किष्किन्धाका बाँदर उचालेर रामले रावण जितेको रामायणकालीन नजिरले डिजिटल युगमा काम गर्दैन ।हाम्रो शासनप्रणाली 'वेष्ट मिनिस्ट्री सिस्टम'मा चलेको छ । यो भनेको प्रधानमन्त्रीको बोली कानून हुने पद्धति हो । मन्त्रिपरिषद्को परिवार ठूलो देखिए पनि बाँकी मन्त्री भनेका प्रधामन्त्रीको निर्णयका साक्षी किनार मात्र हुन् । यस्तो शक्तिशाली व्यक्तिले फेसबुकमा सरकारको निर्णय लेख्ने कामलाई निरन्तरता दिनु भनेको हेपाहा प्रवृत्ति हो । केपी, प्रचण्ड र शेरबहादुर देउवा विरुद्धको असन्तुष्टि भनेकै कार्यालय समय र कार्यालयभित्रै सरकारका निर्णय हुनुपर्छ भन्ने हो । सरकार बनाउँदा वा फाल्दा बदनाम व्यक्तिको बैठककोठा रोज्ने पुराना नेताको प्रवृत्ति विरुद्ध नयाँपुस्ताको विद्रोहकै कारण वालेन्द्र सरकारको मुखिया बन्न सफल भएको सत्य बिर्सन हुँदैन ।

राज्य सञ्चालकको कुर्सीमा गरिएको ठट्टाले पुस्तौं हान्छ । चाहे त्यो सत्कर्म होस् या कुकर्म । वालेन्द्रकै उमेर, दुई तिहाइ संसदको बडाहाकिम बनेर बीपी सत्ताको ककपिटमा बसेकै हुन् । राजा, आफ्नै साथीभाइको चक्रव्यूह र राज्य सञ्चालनको भाँती नपुऱ्याउँदा उनी सरकार चलाएको १७ महिनामै अपदस्थ भए । उनको भिजनले कहाँ हावा खायो ? पत्तै भएन । सत्ता गुमेपछि मनोसंवाद यसरी गर्छन्– 'मेरो इच्छा हुन्छ कि नेपालका सबैलाई कोट पाइयोस् । यो आदर्शको कुरा हो, तर म आज सक्छु गर्नलाई ? यहाँ एकलाख गज मात्र बन्दछ भने के म सक्छु ? दुई बिनाको टुक्रा मात्र सकिएला । त्यसो हुनाले आदर्शको कुरा गरेर आजै म सबैलाई कोट दिन्छु भनैं भने त्यो पूरा हुन सक्दैन, तर त्यो कोट दिलाउने प्रयत्न आजैदेखि हुनुपर्दछ । यो व्यवहारिक पक्षको कुरा हो । दिलाउन सक्दिनँ भनेर प्रयत्नै नगरेर बस्ने र आफू मात्रै १० ओटा कोट लगाएर बस्ने होइन । त्यसो हुनाले, मलाई यहाँ धेरैले उपदेश दिएका छन्– तिमी धेरै आदर्शवादी भयौ भनेर व्यवहारिक हुनुपऱ्यो भनेका छन् । मतलब सबैलाई कोट दिन सकिँदैन भने सारा कोट गुटुमुटु पारेर आफूसँग राख । सबैलाई पैसाले पुग्दैन भने आफू महल बनाएर बस, त्यसलाई व्यवहारिक भन्छन् । म त्यसलाई व्यवहारिक भन्दिन । म भन्छु आजैदेखि थालौं आफ्ना आदर्शहरूलाई पूरा गर्ने प्रयत्न । मेरो विचारमा त्यो हो व्यावहारिक राजनीति ।'

नायक र नेताको उत्थान-पतनको प्रस्थान विन्दु समान हुन्छ । एउटा नायक चरित्र समयमै व्यवस्थापन नहुँदा कति असहाय निरीह प्राणी बन्नसक्छ भन्ने उदाहरण हेर्न बलिउडका सुविख्यात सुपरस्टार राजेश खन्नाको जीवनलिला काफी छ ।

बलिउड कलाकार राजेश खन्ना एक लाख प्रतिस्पर्धीबाट छानिए । पाँच दशकअघि उनले बाँचेको त्यो युग देख्नेहरू अहिले मिथकजस्तो मान्छन् । बलिउडका बादशाह सलमान खानका पिता सलिम खानलाई आफ्नो छोराको स्टारडमप्रति कतिको गर्व लाग्छ ? भनेर सोध्दा उनले भनेछन्– 'छोड्दिनुस् म राजेश खन्नाको चकचकी देखेको मानिसका अगाडि सलमानले कमाएको ख्यातिका विषयमा कुनै टिप्पणी गर्न चाहन्न ।' त्यसो भए राजेश खन्नाले कस्तो स्टारडम पाए ? केही उदाहरण यस्ता छन् ।

त्यो समयमा भारतका सैलुनहरूमा 'राजेश खन्ना कट' कपाल प्रख्यात थियो । सामान्य कपाल काट्दा पचास पैसा तिर्नुपर्थ्यो भने खन्ना कटको रेट ३ रुपियाँ ५० पैसा थियो ।

राजेश खन्नालाई ज्वरो आएको समाचार बाहिर आयो भने प्रशंसकहरू उनको फोटो हातमा लिएर पानी छम्कदै पत्ता हम्कन्थे । उनी सुटिङमा जाँदा पार्किङमा राखिएको सेतो कार फर्कँदा पुरै रातो भएको हुन्थ्यो । राजेश खन्नाले पाउने माया त्यो भाग्यमानी कारले यसरी पाउँथ्यो कि ठिटीहरूले लगाएको लिपिस्टिकको डामले गाडीको रङ्ग परिवर्तन हुन्थ्यो । एकपटक उनी पायल्सले सताइए । उपचारपछि आरामका लागि रिसोर्टमा बसे । राजेश रिसोर्ट पुग्नुअघि नै बाँकी कोठाहरू पुरै बुक भइसकेका थिए । बुक गर्ने अरु कोही नभएर सिनेमाका निर्माता, निर्देशक थिए । जो स्क्रिप्ट र सम्झौता पत्र बोकेर चाकरीमा हाजिर थिए । राजेश खन्नाको सिनेमा हेर्न फिल्म हल जानु र डेटिङमा जानु महिला दर्शकका लागि एउटै मनोभाव थियो । पुरुष प्रशंसक हिरोले कुटाई खाएको दृश्य आएमा हल नै जलाएर या तोडफोड गरेर चरम आशक्तिको परिचय दिन्थे । समकालीन अभिनेत्रीहरूलाई राजेश खन्नासँग सिनेमा खेल्न पाउनु भनेको अनमोल 'गिफ्ट' हुन्थ्यो ।अभिनेता र नेताको आयु उस्तै हो । युग बोकेका यी नायकले केही वर्षअघि गुमनाम मृत्यु अँगाले । जीवनको उत्तरार्द्धमा एक्लो जीवन बाँचे । पत्नी र प्रेमिका त जोडे तर धर्मपत्नी जुरेनन् । उनले बाँचेको जीवन फगत सिनेमाको कहानी बन्यो । त्यो स्टारडममा ग्रहण लाग्नुको मूल कारण थियो- खराब व्यक्तिको सङ्गत । मान्छे शिखरमा पुगेपछि जोगिनुपर्ने खराब संगतबाट हो । जब मानिसको कुर्कुचाले जमिन बिर्सन्छ, त्यसपछि उसको ओरालो यात्रा कसैले रोक्न सक्दैन । कसैको अनुपस्थितिमा राम्रो प्रशंसा हुनु नै उसको जीवनको कमाइ हो । यहूदी भएको अभियोगमा जर्मनीबाट आइन्स्टाइन खेदिएपछि त्यहाँका विद्वानहरूले भनेका थिए- 'जर्मनी आज युद्धमा हारेको छ ।'

वर्तमान विश्व राजनीतिमा लोकतन्त्रका नाममा निरङ्कुशताको महाअभियानमा अघि बढेको छ । देशभन्दा व्यक्तिको महत्वकांक्षा अग्रभागमा देखिएको छ । विश्वका सर्वशक्तिमान् देश अमेरिका, चीन, रुस, भारत मात्र हैन, नेपाल, बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तानजस्ता साना मुलुक व्यक्तिको छायाँमा परेका छन् । डोनाल्ड ट्रम्प, सी चीनफिङ, भ्लादिमिर पुटिन र नरेन्द्र मोदी मेनियाको ग्रहणले भविष्य कता लाने हो, ठेगान छैन । नेपालमा वालेन्द्रको उपस्थितिले त्यही मेलो समातेको भान हुन्छ । 'म नै राज्य हुँ' भन्ने लुइस १६औंका अवतारहरू विश्व राजनीतिमा सलह बनेर उदाएका छन् । अहिले जस्तै विवेक कम, दम्भ बढीको आयतन बढ्दै गयो भने थुप्रै राजनीतिक नेताहरू अभिनेता राजेश खन्नाको गन्तव्यमा पुग्ने निश्चित छ ।असल मानिस जुनसुकै नेतृत्वमा पुगे पनि त्यसले छोड्ने प्रभाव प्रेरणादायी हुन्छ ।

# तीन प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी नियुक्त



काठमाण्डु । सरकारले नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी चयन गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहले ती प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी नियुक्त गर्नुभएको हो ।

प्रतिष्ठानका रिक्त पदाधिकार ीमा नियुक्तिका लागि गठित बेग्ला बेग्लै सिफारिस समितिको सिफारिसमा आधारमा ती पदाधिकारी नियुक्त गरिएको संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयद्वारा आज यहाँ जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

नियुक्त भएकामा नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपति पदमा कुमार नगरकोटी (सिन्धुली), उपकुलपतिमा अविनाश श्रेष्ठ (पर्वत) तथा सदस्य-सचिवमा रोशन शेरचन (रुपन्देही) नियुक्त हुनुभएको छ। त्यसैगरी परिषद् सदस्यमा प्रतिसरा मानन्धर (काठमाडौँ), कृष्णराज चौधरी (दाङ), सीता सुब्बा (तेह्रथुम), तीर्थबहादुर गुरुङ (कास्की), रूपा कुमारी (सिराहा), नवीन नेपाली (दाङ), दीपक सापकोटा (काभ्रे) र दुर्गाबहादुर घर्ती (सुर्खेत) नियुक्त हुनुभएको छ।

ललितकला प्रज्ञा प्रतिष्ठानको कुलपति पदमा एरिणा ताम्राकार (ललितपुर), उपकुलपतिमा चन्द्रश्याम डङ्गोल (ललितपुर) तथा ) सदस्यसचिवमा कैलाशकुमार श्रेष्ठ (दोलखा नियुक्त हुनुभएको छ । परिषद् सदस्यमा जुपिटर प्रधान (काठमाडौँ), कुबिर देवान (झापा), सङ्गी श्रेष्ठ (ललितपुर), ध्रुवराज शर्मा (बाँके), ओमप्रकाश यादव (सिर हा) र वीणा पौड्याल (ललितपुर) नियुक्त हुनुभएको छ ।

नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानको कुलपति पदमा ब्रजेश खनाल (काठमाडौँ), उपकुलपतिमा झुमा बनेम (ताप्लेजुङ) तथा )-सदस्यसचिवमा भुपेन्द्रसिंह र ायमाझी (मोरङ नियुक्त हुनुभएको छ । परिषद् सदस्यमा छेन्दोक हाङ राई (झापा), जीतबहादुर देउजा (भक्तपुर), सुबिमा श्रेष्ठ (ललितपुर), सरस्वती चौधरी (बर्दिया), राजन मुकारुङ (भोजपुर) र रेखाशाह गुरुङ (धादिङ) नियुक्त हुनुभएको छ ।

मन्त्रालयका प्रवक्ता तथा सहसचिव जयनार ायण आचार्यद्वारा आज जारी विज्ञप्तिमा यही साउन २० गते प्रधानमन्त्री एवं प्रमुख संरक्षक शाहले ती नियुक्ति गर्नुभएको जनाइएको छ । संस्कृतिमन्त्री एवं संरक्षक खडक राज पौडेल (गनेस)को संयोजकत्वमा रहेका अलगअलग समितिले नियुक्तिका लागि सिफारिस गरेको थियो । रासस

# 'वामपन्थीहरूलाई एकै ठाउँमा ल्याउने प्रयासमा छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता वर्षमान पुनले मुलुकको वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी शक्तिहरूबीच सहकार्य र एकताको विकल्प नरहेको बताएका छन् ।

मार्क्सवादी ज्ञान केन्द्रले शनिबार आयोजना गरेको 'नेपालमा वामपन्थी शक्तिहरूबीच सहकार्य र एकता : चुनौती र सम्भावना' विषयक भर्चुअल बहसमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका पुनले यस्तो बताएका हुन् । उनले विचार र राजनीतिक दृष्टिकोण मिल्ने वामपन्थी शक्तिहरूबीच सहकार्य आवश्यक रहेको बताएका हुन् ।

कम्युनिस्ट आन्दोलन हाल विशिष्ट र रक्षात्मक अवस्थामा रहेको भए पनि यही स्थिति लामो समय नरहने दाबी उनको थियो । पुनले तत्काल पार्टी एकता सम्भव नभए पनि मुद्दाका आधारमा सहकार्य थाल्नुपर्नेमा जोड दिए ।

'संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षाका निम्ति साझा संघर्ष गर्ने, राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउने र सामाजिक जनवादका मुद्दाहरूलाई



व्यवस्थित रूपमा लैजाने अहिलेको आवश्यकता हो', पुनले भने, 'विचार मिल्नेहरूबीच सहकार्य र एकता जरुरी छ ।'

आ-आफ्नो पार्टीलाई आन्तरिक रूपमा सुदृढ गर्दै फेरि पनि वामपन्थी आन्दोलनलाई एक ठाउँमा ल्याउने प्रयास गरिने उनले बताए ।

# कांग्रेसको १५औँ महाधिवेशन तोकिएकै समयमा हुन्छ : महामन्त्री पौडेल



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको १५औँ महाधिवेशन तोकिएकै समयमा हुने बताउनुभएको छ । कांग्रेस काठमाण्डु महानगर पालिका २६ वडा कार्यसमितिले आज यहाँ आयोजना गरेको सम्मान तथा शुभकामनामा उहाँले पार्टीले असोजको १६ देखि १९ गतेसम्म काठमाडौँमा १५औँ महाधिवेशन आयोजना गरेकाले तोकिएकै समयमा महाधिवेशन हुने बताउनुभयो ।

"कांग्रेसले पार्टीको केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ, उक्त बैठकले तोकिएकै समयमा महाधिवेशन सम्पन्न गर्नेबारे निर्णय गर्छ", उहाँले भन्नुभयो ।

उहाँले पछिल्लो समय कांग्रेसलाई कमजोर बनाउने र अल्मल्याउने काम भइरहेको भन्दै यसप्रति सबै नेता तथा कार्यकर्ता सचेत हुनुपर्ने बताउनुभयो ।

महामन्त्री पौडेलले कांग्रेस डिजिटल माध्यममार्फत सबैभन्दा धेरै क्रियाशील सदस्य भएको पार्टी बनेको भन्दै अब क्रियाशील सदस्यबाटै स्थानीय तहको उम्मेवार छान्ने व्यवस्था गरिने उल्लेख गर्नुभयो । कांग्रेस काठमाडौँका सभापति सबुज कृष्ण बानियाँले कांग्रेस कमजोर भएमा लोकतन्त्र कमजोर हुने भन्दै बलियो बनाउनका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कांग्रेस बागमती प्रदेशकी सहमहामन्त्री जीवन डङ्गोल, कांग्रेस क्षेत्र नं ६ का क्षेत्रीय सभापति श्यामकृष्ण खड्गी, बागमती प्रदेशकी सांसद एवं पूर्वप्रदेशमन्त्री हरिप्रभा खड्गी, क्षेत्र नं ६ प्रदेश 'क' का सभापति ख्यामराज तिवारी, काठमाडौँ महानगरपालिका-२६ का सभापति अर्जुन सिंखडा, उपसभापति गणेश रिजाललगायतले कांग्रेसलाई एकताबद्ध बनाएर अगाडि बढाउन सबै लाग्नुपर्ने बताउनुभएको थियो । रासस

# सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक निर्माणले गति लिन्छ : मन्त्री लम्साल

अर्घाखाँची । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले आगामी दिनमा सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको निर्माणले गति लिने विश्वास व्यक्त गर्नुभएको छ ।

सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको स्थलगत अनुगमनका क्रममा अर्घाखाँचीको सन्धिखर्कमा मन्त्री लम्सालले पत्रकारसँग सङ्क्षिप्त प्रतिक्रिया दिँदै सडक निर्माणलाई गति दिन सरकार गम्भीरतापूर्वक अघि बढेको बताउनुभयो ।

मन्त्री लम्सालले कालोपत्र गर्न बाँकी रहेका सडकखण्डमा चालु आर्थिक वर्षभित्रै ठेक्का प्रक्रिया अघि बढाउने तयारी भइरहेको जानकारी दिँदै आवश्यक प्रक्रिया पूरा गरेर बाँकी सडकखण्डको निर्माणलाई समेत अगाडि बढाइने जानकारी दिनुभयो ।

लामो समयदेखि निर्माणको प्रक्रियामा रहेको सडक आयोजना पश्चिम नेपालका विभिन्न जिल्लालाई जोड्ने महत्त्वपूर्ण पूर्वाधारका रूपमा रहेको मन्त्री लम्सालको भनाइ छ । सडक निर्माण सम्पन्न भएपछि अर्घाखाँचीसहित गुल्मी, पाल्पा, बागलुङलगायत जिल्लाका नागरि कलाई आवागमनमा सहजता पुग्ने तथा ढोरपाटनसम्मको पहुँच थप सहज बन्ने अपेक्षा गरिएको छ । उहाँले ठेक्का लिएर काम अलपत्र पार्ने निर्माण व्यवसायीमाथि सरकार कडाइका साथ प्रस्तुत हुने चेतावनीसमेत दिनुभयो ।

सालझण्डीबाट अर्घाखाँचीको सन्धिखर्क हुँदै बागलुङको ढोरपाटन जोड्ने यो सडकलाई रणनीतिक महत्त्वको सडकका रूपमा हेरिएको छ । १९७ किलोमिटर लामो यस मार्गले



हिमाल र तराईलाई जोड्ने छोटो दूरीको विकल्प उपलब्ध गराउने भएकाले पर्यटन, व्यापार, कृषि, सेवा र रोजगारीका दृष्टिले यसको महत्त्व दिनप्रतिदिन बढ्दै गएको छ ।

सालझण्डी-सन्धिखर्क-ढोर पाटन सडक आयोजना आर्थिक वर्ष २०६६/६७ मा स्थापना भएको हो । आर्थिक वर्ष २०८०/८१ सम्म जम्मा १८ किलोमिटर मात्रै कालोपत्र सम्पन्न भएको थियो । आर्थिक वर्ष २०८१/८२ मा थप ४.५ किलोमिटर र आर्थिक वर्ष २०८२/८३ मा थप २४ किलोमिटर सडक कालोपत्र गरिएको छ । यससँगै हालसम्म ४६.५ किलोमिटर पक्की सडक निर्माण सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ ।

अर्घाखाँचीको समग्र विकास र नागरि कलाई सहज पूर्वाधारको पहुँच सुनिश्चित गर्न सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले पूर्वाधार विकासमन्त्री लम्सालसमक्ष विभिन्न माग प्रस्तुत गर्नुभएको छ ।

जिल्लामा निर्माणाधीन तथा योजनाका रूपमा रहेका सडक, बजार व्यवस्थापन र विमानस्थल निर्माणलाई गति दिन आवश्यक बजेट तथा व्यवस्थापन गर्न माग गर्दै नगरप्रमुख श्रेष्ठले भौतिक पूर्वाधार विकासमन्त्री लम्साललाई लिखित आग्रह गर्नुभएको हो ।

जिल्लाको विकासका लागि महत्त्वपूर्ण मानिएका आयोजनाहरू लामो समयदेखि विभिन्न कारणले प्रभावित भइरहेका बेला नगरप्रमुख श्रेष्ठले ती आयोजनालाई प्राथमिकताका साथ अघि बढाउन मन्त्री लम्साल र पूर्वाधार विकास मन्त्रालयमा सचिव गोपालप्रसाद सिग्देलको ध्यानाकर्षण गराउनुभयो । उहाँले सन्धिखर्क बजार क्षेत्रको व्यवस्थापनदेखि रणनीतिक सडक आयोजना र अर्घा भगवती विमानस्थल निर्माणसम्मका विषयलाई समेटेर आवश्यक बजेट विनियोजन तथा व्यवस्थापन गर्न आग्रह गर्नुभयो ।

बजार क्षेत्रमा व्यवस्थित पार्किङको व्यवस्था नहुँदा सवारी आवागमनमा समस्या हुने तथा पैदलयात्रुलाई समेत कठिनाइ हुने गरेको भन्दै दीर्घकालीन समाधान आवश्यक रहेको उहाँको भनाइ छ । अर्घाखाँचीलाई तराई तथा महेन्द्र र ाजमार्गसँग जोड्ने महत्तवपूर्ण सडकका रूपमा रहेको गोरुसिङ्गे-सन्धिखर्क सडक आयोजनाका लागि विनियोजित बजेट पर्याप्त नभएको नगरप्रमुख श्रेष्ठले राखेको मागमा उल्लेख छ ।

जिल्लाको महत्त्वपूर्ण आयोजना सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकमा पर्याप्त बजेट नहुँदा द्रुत गतिका साथ काम अगाडि बढ्न नसकेकाले पर्याप्त बजेटको माग छ । सडक निर्माणका क्रममा पर्ने घर तथा भवन हटाउनुपर्ने अवस्था रहेको भन्दै प्रभावित नागरिकलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग छ । मुआब्जा तथा क्षतिपूर्तिको उचित व्यवस्था गरेर मात्रै सडक निर्माणलाई तीव्रता दिन सकिने भएकाले सरकारले आवश्यक रकमको व्यवस्था गर्नुपर्ने पत्रमा उल्लेख गरिएको छ ।

सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकअन्तर्गत ढुङ्ग्रेखोला-सालझण्डी सडकखण्डको समेत नयाँ ठेक्का प्रक्रिया अघि बढाउन आग्रह गरिएको छ । अर्घाखाँची जिल्लाको सिमानाअन्तर्गत सालझण्डीतर्फको ठेक्का रद्द भइसकेकाले सो क्षेत्रमा नयाँ 'टेन्डर' प्रक्रिया सुरु गरी निर्माणलाई निरन्तरता दिनुपर्ने मागमा उल्लेख छ ।

नगरप्रमुख श्रेष्ठले जिल्लाको दीर्घकालीन विकास र यातायात पहुँचसँग जोडिएको अर्घा भगवती विमानस्थल निर्माणलाई पनि प्राथमिकतामा राख्नुपर्ने, विमानस्थल निर्माणमा हालसम्म करिब रु ३० करोड खर्च भइसकेको भए पनि आयोजना अझै अधुरो रहेको भन्दै बाँकी पूर्वाधार निर्माण तथा धावनमार्ग (र नवे) निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्न माग गर्नुभयो ।

अर्घाखाँचीमा विमानस्थल सञ्चालनमा आएमा जिल्लाको पर्यटन, कृषि, व्यापार तथा आपत्कालीन यातायातमा समेत महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यसैले निर्माण सुरु भएको लामो समयपछि पनि आयोजना अधुरो अवस्थामा रहन नदिन सङ्घीय सर कारले आवश्यक बजेट सुनिश्चित गर्नुपर्ने नगरप्रमुख श्रेष्ठको धारणा छ । रासस

# कांग्रेसको आदिवासी जनजाति महासंघद्वारा २३ बुँदे घोषणापत्र जारी



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले काठमाडौं घोषणापत्र-२०८३ जारी गरेको छ । महासंघको दोस्रो र ाष्ट्रिय सम्मेलनले शनिबार २३ बुँदे काठमाडौं घोषणा जारी गरेको छ ।

घोषणापत्रमा आदिवासी जनजातिको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न संविधान संशोधनदेखि मातृ पार्टी कांग्रेसको विधान संशोधनसम्मका माग अघि सारिएको छ ।

महासंघले राज्यका सबै तहमा आदिवासी जनजातिको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न, कांग्रेसको केन्द्रदेखि वडा तहसम्म उपसभापति, महामन्त्री र सहमहामन्त्रीमध्ये निश्चित पद आदिवासी जनजातिका लागि व्यवस्था गर्न माग गरेको छ ।

त्यस्तै, आदिवासी जनजाति मन्त्रालय स्थापना, आयोगलाई अर्धन्यायिक अधिकार, बहुभाषिक विश्वविद्यालय स्थापना तथा जल, जंगल र जमिनमा आदिवासी समुदायको अग्राधिकार सुनिश्चित गर्नुपर्ने माग घोषणापत्रमा समेटिएको छ ।

महासंघले आदिवासी जनजाति मन्त्रालय स्थापना, आदिवासी जनजाति तथा थारु आयोगलाई अर्धन्यायिक अधिकार सम्पन्न बनाउन, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई स्रोत-साधन सम्पन्न बनाउन र बहुभाषिक विश्वविद्यालय स्थापना गर्न माग गरेको छ ।

जल, जंगल र जमिनलगायत प्राकृतिक स्रोत-साधनको प्रयोगमा आदिवासी समुदायको अग्राधिकार सुनिश्चित गर्नुपर्ने, विकास आयोजनाबाट विस्थापित समुदायको पुनःस्थापना तथा सांस्कृतिक अधिकारको संरक्षण गर्नुपर्ने विषय पनि घोषणापत्रमा समेटिएको छ ।

सो सम्मेलनले लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशिताका उपलब्धिको संरक्षण तथा प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । साथै, पहिचान प्राप्त गर्न नसकेका विभिन्न समुदायको अध्ययन गरी आदिवासी जनजातिको सूची पुनरावलोकन गर्नुपर्ने मागसमेत गरेको छ ।

# झापामा राष्ट्रिय परिचयपत्रमार्फत बढ्दै नयाँ मतदाता

भद्रपुर । झापामा राष्ट्रिय परिचयपत्रमार्फत मतदाता नामावलीमा नाम दर्ता गर ाउनेको सङ्ख्या बढ्दै गएको छ । गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि पुनः सुरु गरिएको मतदाता नामावली सङ्कलन अभियानअन्तर्गत हालसम्म थपिएका नयाँ मतदातामध्ये अधिकांशले र ाष्ट्रिय परिचयपत्रमार्फत नाम दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार गत चैत २२ गतेपछि बिहीबारसम्म १० हजार ३५९ जना नयाँ मतदाता थपिएका छन् । तीमध्ये सात हजार ८०१ जनाले राष्ट्रिय परिचयपत्रमार्फत र दुई हजार ५५८ जनाले जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भएर मतदाता नामावलीमा नाम दर्ता गराएका हुन् । नयाँ मतदातामध्ये पाँच हजार ३३३ पुरुष र पाँच हजार २६ महिला रहेका छन् ।

जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालका अनुसार गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनअघि झापामा कुल सात लाख १३ हजार ५३७ मतदाता थिए । जसमध्ये तीन लाख ५५ हजार १८३ महिला र तीन लाख ५८ हजार ३६४ पुरुष रहेका थिए ।

निर्वाचन अधिकारी नेपालले राष्ट्रिय परिचयपत्रको प्रयोगसँगै मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकको पहुँच सहज बन्दै गएको बताउनुभयो । उहाँले समयमै नामावली अद्यावधिक गर्न सबै योग्य नागरिकलाई आग्रह गर्दै निर्वाचनको आधारभूत तयार ीका रूपमा सही र अद्यावधिक मतदाता नामावली आवश्यक हुने उल्लेख गर्नुभयो ।

यसैबीच, निर्वाचन आयोगको निर्णयअनुसार आगामी असोज १ गतेदेखि मसान्तसम्म स्थानीय पञ्जिकाधिकारीसँग समन्वय गरी विवाह, बसाइँसराइ तथा मृत्यु भएका व्यक्तिको विवरण वडा तहबाटै अद्यावधिक गर्ने व्यवस्था लागू गरिएको छ ।रासस

# महिलाको नेतृत्वमा दिगो चाडपर्व संस्कृतिको प्रवर्द्धन गर्ने 'हरित उत्सव' अभियान शुभारम्भ

पाटन । महिलाको नेतृत्वमा दिगो चाडपर्व संस्कृतिको प्रवर्द्धन गर्ने 'हरित उत्सव' अभियान शनिबारदेखि शुभारम्भ गरिएको छ । चाडपर्वलाई वातावरणमैत्री, दिगो र जिम्मेवार बनाउने उद्देश्यसहित 'हरित उत्सवः परिवर्तनको नेतृत्व महिलाको हातमा' अभियान आज ललितपुरको ऐतिहासिक पाटन दरबार क्षेत्रमा शुभारम्भ गरिएको हो ।

नेपाली कांग्रेसी मुख्य सचेतक वासना थापाले वातावरण संरक्षणका लागि पुनःप्रयोगको अभ्यासले समाजमा सकार ात्मक प्रभाव पार्ने बताउनुभयो । "वातावरण संरक्षण हाम्रो जिम्मेवारी हो, संरक्षित हाम्रो सम्पदा र हरित वातावरणले सकरात्मक प्रभाव पार्छ, जलवायु परिवर्तन कुनै एक वर्ग वा समुदायको मात्र सरोकार नभई सबै नागरि कको साझा विषय हो", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले जलवायु परिवर्तनका कारण समाजका सबै वर्ग प्रभावित भइरहेको बताउँदै यो महिला वा अल्पसङ्ख्यक समुदायको मात्रै सरोकार को विषय नभएको उल्लेख गर्नुभयो । उहाँले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आवश्यक नीतिगत व्यवस्था तथा कानुनी प्रबन्धमा ध्यान दिँदै संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यस्तै मधेसी आयोगका सदस्य रेणु शाहले विश्वव्यापी रूपमा जलवायु परि वर्तनको प्रभाव न्यूनीकरण गर्न हरित अभियान, पुनःप्रयोग र पुनःचक्रणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

उहाँले वातावरण संरक्षणका लागि सबै पक्षले एकअर्कालाई सहयोग गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका उपसचिव मधु घिमिरेले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले प्रत्येक स्रोतको उपयोग गर्दा थोरैबाट बढीभन्दा बढी लाभ लिन सकिने गरी दिगो र जिम्मेवार उपभोगको अभ्यास विकास गर्नुपर्नेमा जोड दिनुभयो ।



साथसाथै फाउण्डेशनकी अध्यक्ष प्रजिता कार्कीले कार्यक्रम वातावरण संरक्षणसम्बन्धी सचेतना जगाउने अभियान भएको बताउनुभयो । उहाँले महिलावादी संस्था तथा जलवायु परिवर्तनसँग जोडिएका समस्याका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो ।

मिडिया एड्भोकेसी फोरमका कार्यकारी निर्देशक एवं सञ्चारकर्मी वविता बस्नेतले वातावरण संरक्षणलाई साझा जिम्मेवारीका रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै जलवायु परिवर्तनले पारेको प्रभाव, प्लास्टिकजन्य फोहोर न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रण, हरित अभियान र वातावरणमैत्री व्यवहार विकासमा ध्यान दिनुपर्ने बताउनुभयो ।

साथसाथै फाउण्डेशनले अन्तरपुस्ता नार ीवादी मञ्च (आईजीएफएफ) तथा ललितपुर महानगरपालिकाको सहकार्यमा आयोजना गरेको उद्घाटन कार्यक्रममा महिला, युवा, कलाकार, जलवायु अभियन्ता, सामाजिक अभियन्ता, नागरिक समाजका प्रतिनिधि, जनप्रतिनिधि, सरकारी अधिकारी, सञ्चार कर्मी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो ।

बागमती प्रदेश पाइलटका रूपमा सुरु गरिएको अभियानले नेपालका चाडपर्वहरूलाई सात आर (पुनःविचार, अस्वीकार, न्यूनीकरण, पुनःप्रयोग, मर्मत, पुनःउद्देश्यकरण र पुनर्चक्रण) मा आधारित परिपत्र अर्थतन्त्रको अवधारणासँग जोड्दै दिगो जीवनशैलीको अभ्यासलाई समुदायस्तरसम्म विस्तार गर्ने लक्ष्य लिएको छ । रासस

# एआई डेटा सेन्टरका लागि अमेजनको विशाल ग्यास प्लान्ट निर्माण हुने



एएफपी । अमेरिकी प्रविधि कम्पनी अमेजनले टेक्सासमा विशाल ग्यास विद्युत् प्लान्ट निर्माणका लागि लगानी गरिरहेको जनाएको छ । उक्त प्लान्ट कम्पनीका नयाँ डेटा सेन्टर सञ्चालनका लागि प्रयोग हुनेछ ।

पेकोस काउन्टीमा निर्माण हुने उक्त प्लान्टबाट सात दशमलव ६५ गिगावाट विद्युत् उत्पादन हुने अनुमान गरिएको छ । यसमा ३५ वटा टर्बाइन रहनेछन् । यो हाल संयुक्त राज्य अमेरिकामा सञ्चालनमा रहेका ग्यासबाट विद्युत् उत्पादन गर्ने प्लान्टमध्ये सबैभन्दा ठूलो हुनेछ ।

प्लान्टबाट वार्षिक तीन करोड मेट्रिक टनभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्न अनुमति दिइएको छ । यो अमेरिकामा कुनै एकल स्रोतबाट हुने सबैभन्दा ठूलो उत्सर्जन हुनसक्ने अनुमान गरिएको छ । यद्यपि, वास्तविक उत्सर्जन अनुमति दिइएको सीमाभन्दा कम हुने गर्छ ।

बजार अनुसन्धान कम्पनी क्लीनभ्यूले अमेजनले हालै दायर गरेका तीनवटा डेटा सेन्टर निर्माण अनुमतिपत्रको अध्ययन गर्दै प्लान्ट र डेटा सेन्टरबीचको सम्बन्ध सार्वजनिक गरेको थियो । प्लान्ट प्यासिफिको इनर्जीले निर्माण गरिरहेको छ र यसलाई 'जीडब्ल्यू रान्च' नाम दिइएको छ ।

अमेजनका अनुसार आफ्नै विद्युत् उत्पादन गर्दा डेटा सेन्टरका लागि आवश्यक पूर्वाधारको लागत सामान्य उपभोक्तामाथि पर्नेछैन । कम्पनीले डेटा सेन्टर सञ्चालनका लागि विद्युत्को पूर्ण लागत आफैँले बेहोर्ने जनाएको छ ।

"अमेजनले हाम्रो सञ्चालनका लागि आवश्यक विद्युत्को पूर्ण लागत तिर्नुपर्छ भन्ने विश्वास गर्छ," कम्पनीका प्रवक्ताले भन्नुभयो ।

कम्पनीका अनुसार पेकोस काउन्टीमा प्रस्तावित डेटा सेन्टर परिसर नयाँ स्थलगत विद्युत् उत्पादनबाट सञ्चालन हुनेछ । विद्युत् प्रसारण प्रणालीसँग जोडिने समयरेखाअनुसार पछि राष्ट्रिय विद्युत् ग्रिडसँग जोडिने गरी परियोजना डिजाइन गरिएको छ ।

अमेजनले उक्त क्षेत्रमा सौर्य ऊर्जा तथा ब्याट्री भण्डारण प्रणाली प्रयोग गर्ने सम्भावनाको अध्ययन गरिरहेको जनाएको छ । डेटा सेन्टरका लागि गैरपेयजलयोग्य खारा भूमिगत पानी प्रयोग गरिने र यसबाट स्थानीय जलस्रोतमा पर्ने दबाब कम हुने कम्पनीको दाबी छ ।

अमेजनले सन् २०४० सम्ममा आफ्नो कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता जनाएको छ । कम्पनीका अनुसार टेक्सासमा करिब १० गिगावाट क्षमताका ४० वटा कार्बनरहित ऊर्जा परियोजनालाई समेत सहयोग गरिएको छ ।

डेटा सेन्टरका लागि विद्युत् उत्पादन गर्ने यस्तो 'मिटरपछाडि' प्रणाली पछिल्लो समय प्रविधि कम्पनीहरूमा बढ्दै गएको छ । एआई प्रविधिको तीव्र विस्तारसँगै डेटा सेन्टरका लागि ठूलो मात्रामा तत्काल विद्युत् आवश्यक पर्न थालेपछि कम्पनीहरूले राष्ट्रिय ग्रिडमा निर्भरता घटाउने उपाय खोजिरहेका छन् ।

बजार अनुसन्धान कम्पनी क्लीनभ्यूका अनुसार मेटा, माइक्रोसफ्ट र ओरेकललगायत ठूला प्रविधि कम्पनीहरूले समेत करिब ९७ गिगावाट क्षमताका यस्ता परियोजना अघि बढाउने योजना बनाएका छन् ।

विश्लेषकहरूका अनुसार यस्ता परियोजनाबाट हुने कार्बन उत्सर्जन उल्लेखनीय हुनसक्छ । परियोजनाको सङ्ख्या, टर्बाइनको दक्षता र सञ्चालनको अवधिअनुसार वार्षिक कार्बन डाइअक्साइड उत्सर्जन २० करोड मेट्रिक टनभन्दा बढी पुग्नसक्ने अनुमान गरिएको छ ।

युनियन अफ कन्सर्न्ड साइन्टिस्ट्सका ऊर्जा विश्लेषक जोन रोजर्सले प्राकृतिक ग्यासको प्रयोगबाट विद्युत् उत्पादन गर्ने अझ प्रभावकारी उपायहरू रहेको बताउनुभएको छ । उहाँका अनुसार प्रस्तावित प्लान्टहरूले त्यस्ता विकल्प प्रयोग नगरेकाले वातावरणीय तथा स्थानीय प्रदूषणको जोखिम बढ्न सक्छ ।

कोइलाभन्दा प्राकृतिक ग्यासबाट हुने प्रदूषण कम भए पनि ग्यास प्लान्टहरू हरितगृह ग्यास उत्सर्जनका महत्वपूर्ण स्रोत हुन् । प्राकृतिक ग्यासको मुख्य घटक मिथेन उत्पादन, प्रशोधन र ढुवानीका क्रममा चुहावट हुनसक्ने भएकाले यसले जलवायु परिवर्तनमा थप असर पार्ने विज्ञहरूको भनाइ छ ।

ग्यास प्लान्टबाट कार्बन उत्सर्जनका अतिरिक्त सूक्ष्म कण, नाइट्रोजन अक्साइड तथा पारा, फर्माल्डिहाइड र बेन्जिनजस्ता हानिकारक वायु प्रदूषकसमेत उत्सर्जन हुने गर्छन् । यस्ता प्रदूषक मुटु तथा फोक्सोसम्बन्धी समस्या र श्वासप्रश्वाससम्बन्धी रोगसँग जोडिएका छन् ।

# एनपिएलमा जनकपुर बोल्ट्सको कप्तानी हरमितले गर्ने



काठमाण्डु । अमेरिकी अलराउन्डर हरमित सिंहले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण जनकपुर बोल्ट्सबाट खेल्ने छन् ।

जनकपुर बोल्ट्सले शनिबार आफ्नो समाजिक प्लेटफर्मबाट हरमितलाई अनुबन्धन गरेको घोषणा गरेको छ ।

बोल्ट्सले एसोसिएट क्रिकेटका प्रभावशाली खेलाडी हरमितलाई कप्तानीको जिम्मेवारी पनि दिएको छ । देब्रेहाते स्पिन अलराउन्डर हरमितले पहिलो दुई सिजन सुदुरपश्चिम रोयल्सबाट खेलेका थिए।

पहिलो सिजनको च्याम्पियन बोल्ट्सले हरमितलाई भित्राउन पाउँदा निकै उत्साहित रहेको जनाएको छ ।

अनिल साहको कप्तानीमा बोल्ट्सले पहिलो सिजनको उपाधि जितेको थियो । दोस्रो सिजनमा अनिलसँगैं दक्षिण अफ्रिकाका वायन पार्नेल र नामिबियाका जान निकोल लफ्टी इटनले जनकपुरको कप्तानी गरेका थिए ।

हरमितले एनपिएलको पहिलो सिजनमा ८ विकेट लिनुका साथै ५ खेलमा २८ रन बनाएका थिए । दोस्रो सिजनमा उनले १६६ माथिको स्ट्राइक रेटमा ९ खेलमा १ सय ३३ रन बनाएका थिए भने ६.१८ को इकोनोमीमा १२ विकेट लिएका थिए ।

हरमितले अमेरिकाबाट २९ ओडिआईमा ३९ विकेट र २९ टि ट्वान्टी आईमा ३१ विकेट लिएका छन् ।

'हरेक सफल टोलीको आधार केवल उत्कृष्ट खेलाडीमात्र होइन, सशक्त नेतृत्व पनि हो । नयाँ सिजनसँगैं जनकपुर बोल्ट्सले नयाँ उर्जा, नयाँ सोच र नयाँ संकल्पका साथ अगाडि बढ्ने तयारी गरिरहेको छ । यही यात्राको नेतृत्व गर्ने जिम्मेवारी हामीले हरमित सिंहलाई सुम्पिएका छौं, बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) निरोज खतिवडाले भने ।

# एसियाडको तयारी रहेका खेलाडीलाई मन्त्री पोखरेलसंग भेट



**टुडे समाचारदाता**

काठमाण्डु । जापानमा हुने २० औं एसियाली खेलकुद (एसियाड) को बन्द प्रशिक्षणमा रहेका खेलाडी शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलसंग भेटघाट गरेका छन् ।

भेटका क्रममा मन्त्री पोखरेलले खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिँदै खेल क्षेत्र तथा खेलाडीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको जनाएको राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले जनाएको छ ।

राखेपका अध्यक्ष समेत रहेका पोखरेलले खेलकुद र शिक्षा दुवै क्षेत्र तत्काल लगानी गरेर तत्कालै प्रतिफल प्राप्त हुने क्षेत्र नभएको उल्लेख गर्दै दीर्घकालीन लगानीको प्रतिफल समयक्रममा अवश्य देखिने विश्वास व्यक्त गरे । उनले १०औं राष्ट्रिय खेलकुद यसै वर्ष आयोजना गरिने बताए ।

सो कार्यक्रममा राखेप राखेप उपाध्यक्ष विशाल श्रेष्ठ, शिक्षा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार, सल्लाहकार राजु सिंह तथा राखेप कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठलगायत उपस्थित रहेको थियो ।

# हुथी विद्रोहीहरुद्वारा यमनमा आक्रमण, दश जनाको मृत्यु

एएफपी । मन्त्रालय तथा सैन्य स्रोतका अनुसार रणनीतिक यमनी प्रान्तमा हुथी विद्रोहीहरूले गरेको आक्रमणमा कम्तिमा दश जनाको मृत्यु भएको जनाइएको छ ।

इरान समर्थित हुथी र साउदी समर्थित यमन सरकार बीच सन् २०२२ मा भएको युद्धविराम गत महिना देखि अन्त्ये हुँदा बिहीबार मारिब प्रान्तमा भएको विद्रोही मिसाइल आक्रमणमा कम्तीमा ५८ जना सरकारी सैनिकको मृत्यु भएको जनाइएको छ ।

यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रन्डबर्गले एक विज्ञप्ति जारी गर्दै यमनले सन् २०२२ अप्रिलमा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको युद्धविराम पछिको समयमा पनि यमनका विभिन्न क्षेत्रमा ठूलो द्वन्द्वको जोखिमको सामना गरिरहेको जनाउनु भएको छ ।

संयुक्त राज्य अमेरिका र इरानबीचको तिक्तताको बीचमा, उहाँले दुवै पक्षलाई संयमीतता अपनाउन र सद्भावसहित वार्तामा फर्कन आह्वान गर्नु भएको छ ।

मारिबमा हालै भएको हुथी आक्रमणमा आठ जना सरकारी सेनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएको यमनी सैन्य स्रोतलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

यमन सरकारका स्वास्थ्य मन्त्रीले विद्रोहीहरूले मारिब सहरमा आवासीय क्षेत्र र विस्थापन शिविरहरूलाई लक्षित गरी गोलाबारी गर्दा कम्तीमा दुई जना सर्वसाधारणको मृत्यु हुनुका साथै १४ जना घाइते भएको बताउनुभको छ ।

विद्रोहीहरूले मारिब प्रान्तको सरकारी सैन्य शिविरमा आक्रमण गरेको दाबी गरेका छन् ।

आक्रमणको केन्द्रमा रहेको साउदीले आफ्नो सेनालाई परिचालन गरी हतियार, सवारी साधन र सैन्य उपकरणसहित साहन अल-जिन शिविरमा ठूलो सङ्ख्यामा मिसाइल र ड्रोनले आक्रमण गरेको हुथीका प्रवक्ता याह्या सारीले विज्ञप्ति मार्फत जनाउनु भएको छ ।

स्वास्थ्य मन्त्री कासिम बुहाइबेहल सामाजिक सञ्जाल एक्समा आतङ्कवादी हुथी मिलिसियाले शुक्रबार मारिब सहरमा आवासीय भवन र विस्थापितहरुका शिविरहरूलाई निशाना बनाएर गरेको आक्रमणमा अनुसार-दुई जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य १४ जना घाइते भएको प्रारम्भिक अनुसन्धानले देखाएको जनाउनुभएको छ ।

हुथीहरूले मारिब प्रान्तमा सैन्य शिविरहरूलाई लक्षित गरी १० वटा भन्दा बढी मिसाइलहरू र सात वटा एकतर्फी ड्रोनहरू पनि प्रक्षेपण गरेको नाम नछाप्ने सर्तमा यमनी सैन्य स्रोतलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

साउदी सेनाका नजिकको एक स्रोतलाई उदृत गर्दै एएफपीले सन् २०१५ देखि यमनी सरकारलाई समर्थन गर्ने साउदी नेतृत्वको गठबन्धन हुथी आक्रमणको विरुद्धमा मूर्खतापूर्वक खडा नहुने जनाएको छ ।

गठबन्धनले तनाव नबढाए पनि साउदी अधिकारीहरूले मारिब प्रान्तमा हुथीको कब्जा स्वीकार नगर्ने जनाएका छन् ।

विद्रोहीहरूले यमनी सरकारी सेनाको निर्माणको प्रतिक्रियामा बिहीबार धेरै केन्द्रहरुमा आक्रमण गरेको बताएका छन् ।

विद्रोहीहरुले गरेको मिसाइल तथा ड्रोन आक्रमणले कम्तिमा ५८ जना सरकारी सैनिकको ज्यान लिएको मारिबमा, सेनाको स्रोतलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

यस अघि यमनी सैन्य स्रोतले मारिब सहरको उत्तरमा सिरवाह र अल-कसारा र झडप भइरहेको बताएको थियो ।

विद्रोहीहरूले यस क्षेत्रमा रहेको हतियार भण्डारमा पनि आक्रमण गरेको जनाइएको छ ।

# बैंकक नजिक विद्यालय र घरमा गोली प्रहार, सात जनाको मृत्यु



एएफपी । थाइल्यान्डको राजधानी बैंकक नजिकै एक विद्यालयमा १४ वर्षीय विद्यार्थीले गोली चलाउँदा पाँच जनाको मृत्यु भएको छ भने २० भन्दा बढी घाइते भएका छन् । उक्त घटनाअघि सोही विद्यार्थीले घरमा आफ्ना हजुरबुबा-हजुरआमाको पनि हत्या गरेको अधिकारीहरूले बताएका छन् ।

नोनथाबुरी प्रान्तस्थित डेब्सिरिन नोनथाबुरी विद्यालयमा शुक्रबार बिहान करिब १० बजे गोली प्रहार भएको थियो । घटनामा शिक्षक तथा प्रशासनिक कर्मचारीसहित विद्यालयका पाँच जनाको मृत्यु भएको उपगृहमन्त्री पोलापी सुवान्च्वीले बताउनुभयो ।

विद्यालयबाट करिब पाँच किलोमिटर टाढा रहेको बाङ्याई अस्पतालका अनुसार घटनामा २३ जना घाइते भएका छन् । तीमध्ये १० जनाको अवस्था गम्भीर रहेको र अधिकांशलाई गोली लागेको अस्पतालले जनाएको छ ।

विद्यालयमा गोली चलाउनुअघि विद्यार्थीले आफू बस्दै आएको घरमा हजुरबुबा-हजुरआमालाई गोली हानेको अधिकारीहरूले बताएका छन् । क्षेत्रीय प्रहरी कमान्डर वट्टाना यीजीनका अनुसार प्रहरीले घरमा दुवै जनालाई मृत अवस्थामा फेला पारेको थियो ।

विद्यालयमा गोली चलाएपछि ती विद्यार्थीले आफैँलाई गोली हानी आत्महत्या गरेको प्रधानमन्त्री अनुतिन चार्नभिराकुलले पुष्टि गर्नुभएको छ । उहाँका अनुसार विद्यार्थीमा विद्यालयसँग सम्बन्धित तनावका लक्षण देखिएका थिए ।

प्रहरीका अनुसार घटनामा प्रयोग भएको सानो आकारको बन्दुक कानुनी रूपमा उहाँका हजुरबुबाको नाममा दर्ता भएको थियो । प्रहरी प्रवक्ता ट्राइरोङ पिवपानले विद्यार्थीले २० भन्दा बढी गोली चलाएको र पछि प्रहरीले घटनास्थलबाट करिब ३० राउन्ड गोली बरामद गरेको बताउनुभयो ।

प्रत्यक्षदर्शीका अनुसार गोली चलेपछि विद्यार्थीहरू कक्षाकोठाभित्र लुकेका थिए । पछि प्रहरीले ढोका खोलेर उनीहरूलाई सुरक्षित रूपमा बाहिर निकालेको थियो ।

विद्यालय नजिकै रेस्टुरेन्ट सञ्चालन गर्ने अम्पन नियामफुडले सुरुमा एकपटक गोली चलेको आवाज सुनेको र केही समयपछि लगातार गोली चलेको बताउनुभयो । उहाँका अनुसार गोली चलेपछि विद्यार्थीहरू डराउँदै सडकतर्फ भागेका थिए ।

घटनापछि विद्यालयले अगस्त १० देखि १४ सम्म सबै कक्षा स्थगित गर्ने जनाएको छ । उक्त अवधिमा विद्यालयका कर्मचारीलाई घरबाटै काम गर्न निर्देशन दिइएको छ । विद्यालयमा १२ देखि १८ वर्ष उमेर समूहका करिब तीन हजार विद्यार्थी अध्ययनरत छन् ।

प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको छ । परिवारका सदस्यहरूले विद्यार्थी सामान्यतया शान्त स्वभावको र पढाइमा राम्रो रहेको बताएका छन् । उनीहरूले विद्यार्थीले घर वा विद्यालयमा कुनै समस्या सामना गरिरहेको जानकारी आफूहरूलाई नभएको बताएका छन् ।

**थाइल्यान्डमा उच्च बन्दुक स्वामित्व**

थाइल्यान्डमा एसियाका अन्य धेरै मुलुकको तुलनामा नागरिकस्तरमा बन्दुक स्वामित्वको दर उच्च छ । सन् २०१७ मा गरिएको सानो आर्म्स सर्भेको अध्ययनअनुसार थाइल्यान्डमा प्रति १०० जनामा करिब १५ दशमलव एक नागरिकसँग बन्दुक रहेको पाइएको थियो ।

पछिल्ला वर्षमा थाइल्यान्डमा विद्यालय तथा सार्वजनिक स्थलमा गोली प्रहारका घटना दोहोरिएका छन् । गत फेब्रुअरीमा १७ वर्षीय किशोरले दक्षिणी थाइल्यान्डको एक सरकारी माध्यमिक विद्यालयमा गोली चलाउँदा एक जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए ।

यसअघि सन् २०२३ मा पनि १४ वर्षीय किशोरले बैङ्कको एक प्रमुख सपिङ मलमा गोली चलाएका थिए ।

# युवा आन्दोलनले बढायो मोदी सरकारमाथि दबाब



एएफपी । युवा नेतृत्वको विरोध प्रदर्शनका कारण भारतका शिक्षामन्त्रीले राजीनामा दिएको दुई सातापछि प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकार पछिल्ला वर्षमा देखिएको गम्भीर राजनीतिक चुनौतीको सामना गरिरहेको छ ।

अनलाइन समूह 'कक्रोच जनता पार्टी' (सीजेपी) को नेतृत्वमा सुरु भएको प्रदर्शन नयाँ दिल्लीबाट विभिन्न सहरमा फैलिएको थियो । परीक्षा अनियमितताविरुद्ध सुरु भएको आन्दोलन पछि बेरोजगारी, युवाका लागि रोजगारी तथा अवसरको कमी र सरकारको बढ्दो नियन्त्रणकारी शैलीप्रतिको असन्तुष्टिसम्म विस्तार भएको थियो ।

प्रदर्शनकारीका प्रमुख माग सम्बोधन भएपछि आन्दोलन केही मत्थर भएको छ । तर, यसले भारतका युवामा बढ्दो असन्तुष्टि र सरकारप्रतिको विश्वासको अवस्थाबारे गम्भीर प्रश्न उठाएको छ ।

जुलाई २५ मा शिक्षामन्त्रीको राजीनामा हुनु मोदी सरकारका लागि दुर्लभ राजनीतिक धक्का मानिएको छ । एक दशकभन्दा बढी समयदेखि बलियो नेतृत्वको छवि बनाएका मोदी सरकारमाथि प्रदर्शनले दबाब बढाएको हो ।

सरकारले युवालाई लक्षित गर्दै विभिन्न पहल अघि बढाएको छ भने संसद्ले परीक्षामा प्रश्नपत्र चुहावट तथा अनियमितताविरुद्ध कडा सजायको व्यवस्था गरेको छ । प्रदर्शनकारीमाथि प्रहरीले अत्यधिक बल प्रयोग गरेको आरोप लागेपछि केही सहरमा उनीहरूविरुद्ध दर्ता गरिएका मुद्दा फिर्ता लिइएको छ ।

प्रदर्शनले सामाजिक सञ्जालमार्फत युवाहरूले आफ्नो सन्देश तीव्र रूपमा फैलाउनसक्ने अवस्थासमेत उजागर गरेको छ । 'एक्स'का सक्रिय प्रयोगकर्ता मोदीले युवामाझ लोकप्रिय इन्स्टाग्राममा समेत गतिविधि बढाउँदै ठाडो ढाँचाका भिडियो सार्वजनिक गर्न सुरु गर्नुभएको छ ।

प्रदर्शनका क्रममा प्रदर्शनकारीको पहिचान तथा निगरानीका लागि अधिकारीहरूले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधियुक्त क्यामेरा प्रयोग गरेको विषय पनि चर्चामा आएको छ ।

केही महिला प्रदर्शनकारीले आन्दोलनका क्रममा खिचिएका आफ्ना भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि अनलाइन धम्की र दुर्व्यवहारको सामना गर्नुपरेको बताएका छन् । नयाँदिल्लीमा प्रदर्शनको मुख्यस्थल वरपर इन्टरनेट सेवा अवरुद्ध गरिँदा प्रदर्शनकारीबीचको सञ्चारमा असर परेको थियो । त्यसपछि युवाहरूले सम्पर्कमा रहन वैकल्पिक माध्यमको प्रयोग गरेका थिए ।

इन्टरनेट अवरोधको निगरानी गर्ने संस्था एक्सेस नाउका अनुसार गत वर्ष भारत विश्वमै सबैभन्दा बढी इन्टरनेट बन्द गर्ने देशमध्ये दोस्रो स्थानमा थियो । विरोध प्रदर्शन, द्वन्द्व र साम्प्रदायिक हिंसाका बेला स्थानीय स्तरमा इन्टरनेट सेवा बन्द गरिएका थिए ।

प्रश्नपत्र चुहावट आन्दोलनको मुख्य कारण भए पनि युवाहरूको असन्तुष्टि चाँडै रोजगारी, आर्थिक अवसर र सार्वजनिक संस्थाप्रतिको विश्वासको कमीमा केन्द्रित भएको थियो ।

वर्षौंसम्म अध्ययन गरेपछि अत्यन्त प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुने र त्यसपछि पनि स्थिर रोजगारीको अनिश्चितता सामना गर्नुपर्ने अवस्थाले धेरै युवामा निराशा बढाएको छ ।

सरकारले परीक्षा प्रणालीमा हुने अनियमितता नियन्त्रण गर्न कदम चाले पनि आन्दोलनका क्रममा उठेका रोजगारी र आर्थिक अवसरसँग सम्बन्धित व्यापक प्रश्न तत्काल समाधान गर्न कठिन देखिन्छ ।

प्रदर्शनले ठूलो सङ्ख्यामा अनलाइन समर्थक भएको युवा आन्दोलनलाई जन्म दिएको छ । यद्यपि यसले दीर्घकालीन राजनीतिक प्रभाव पार्छ कि पार्दैन भन्ने अझै स्पष्ट छैन ।

सीजेपीले परीक्षा अनियमितताविरुद्ध आवाज उठाइरहने र युवाका समस्या बुझ्न 'राष्ट्रव्यापी श्रवण भ्रमण' सञ्चालन गर्ने जनाएको छ ।

पूर्वी राज्य झारखण्डमा अझै प्रदर्शन जारी रहनुले राजधानीबाट सुरु भएको असन्तुष्टि अन्य क्षेत्रमा पनि कायम रहेको सङ्केत गरेको छ ।

सीजेपीका संस्थापक अभिजीत दीपकले सार्वजनिक संस्थाप्रतिको विश्वास र निष्पक्षता पुनःस्थापित गर्न जनआन्दोलन आवश्यक रहेको बताउनुभएको छ ।

"जनता यी विषयबाट निकै निराश र थकित भएका छन् । त्यसैले हाम्रो आन्दोलनले यति ठूलो समर्थन पाएको हो", उहाँले भन्नुभयो । तर उहाँले सीजेपी तत्काल राजनीतिक दलका रूपमा नभई दबाब समूहका रूपमा काम गर्ने स्पष्ट पार्नुभयो ।

**युवा मतदातामाथि ध्यान**

विरोध प्रदर्शनले भारतका राजनीतिक दलहरूलाई युवा मतदाताका माग र समस्याप्रति थप ध्यान दिन बाध्य पार्नसक्ने देखिएको छ ।

भारतमा युवा जनसंख्या ठूलो रहेकाले उनीहरू महत्वपूर्ण सम्भावित मतदाता हुन् । तर आन्दोलनको ऊर्जा प्रत्यक्ष रूपमा मतमा रूपान्तरण गर्नु भने राजनीतिक दलका लागि चुनौतीपूर्ण हुनेछ ।

अर्को आमनिर्वाचन हुन करिब तीन वर्ष बाँकी रहँदा सत्तारुढ दल र विपक्षी दुवैले युवामा देखिएको असन्तुष्टि र निराशालाई आगामी निर्वाचनमा आफ्नो पक्षमा प्रयोग गर्ने प्रयास गर्न सक्नेछन् ।

# ओमानमा नेपाली उत्पादनको बजार विस्तार गर्ने समझदारी

काठमाण्डु । नेपाली उत्पादन तथा सेवालाई खाडी मुलुक ओमानमा विस्तार गर्ने उद्देश्यले निर्यात व्यवसायी महासङ्घ र ओमानस्थित गैरआवासीय नेपाली सोसल क्लबबीच समझदारी भएको छ ।

मस्कटस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत विशेषकुमार साहको उपस्थितिमा शुक्रबार आयोजित कार्यक्रममा महासङ्घका अध्यक्ष गोविन्दप्रसाद घिमिरे र क्लबका अध्यक्ष सुरेश खड्काले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

महासङ्घकाअनुसार ओमानमा नेपाली निर्यातकर्तालाई स्थानीय साना तथा मझौला व्यवसायी, व्यापारी तथा सम्भावित खरिदकर्तासँग जोड्न दुवै संस्थाले संस्थागत मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेछन् । यसबाट नेपाली उत्पादनका लागि नयाँ बजार तथा व्यापारिक सञ्जाल विस्तार हुनेछ ।

सम्झौतापत्रमा 'मेड इन नेपाल' उत्पादनको प्रवर्द्धनलाई प्राथमिकता दिइएको, ओमानमा आयोजना हुने सांस्कृतिक तथा सामुदायिक कार्यक्रममा नेपाली चिया, कफी, अलैंची तथा विभिन्न मसला, हस्तकला, फेल्ट, गार्मेन्ट, कार्पेट, जडीबुटीजन्य सामग्री तथा परम्परागत पोशाकलगायत नेपाली उत्पादनको प्रवर्द्धनका लागि स्टल तथा प्रदर्शनीको व्यवस्था गरिन उल्लेख छ ।

ओमानको भन्सार प्रक्रिया, आयातसम्बन्धी मापदण्ड, गुणस्तर तथा हलाल प्रमाणीकरण र व्यापारिक नीतिबारे क्लबले महासङ्घलाई जानकारी गराउनका साथै आवश्यकतानुसार समन्वय गर्नेछ । रासस

# रुग्ण राष्ट्रिय उद्योगमा सुधारका आशालाग्दा परिणाम

काठमाण्डु । रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानलाई इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको सामूहिक प्रयासबाट पुनः सञ्चालन गरी तिनलाई प्रतिस्पर्धी बनाउन सकिने आशालाग्दा परिणाम देखिएका छन् ।

नेपाल औषधि लिमिटेड, हेटौँडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र सिंहदरबार वैद्यखानामा प्रारम्भ भएका सुधारले रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानको पुनःरुत्थान सम्भव रहेको देखाएको हो ।

"जब नियत सफा हुन्छ र जिम्मेवारीप्रति इमान्दारिता देखाइन्छ, तब जस्तोसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि सुधारका नयाँ ढोका खुल्छन् । नयाँ सरकारले सुरुदेखि नै राष्ट्रिय उद्योग र संस्थानहरूलाई कसरी पुनः जीवन्त र प्रतिस्पर्धी बनाउन सकिन्छ भन्ने विषयलाई प्राथमिकतामा राख्दै निरन्तर सहजीकरण, उत्प्रेरणा र समन्वय गर्दै आएको छ", प्रधानमन्त्री वालेन्द्र शाहले भन्नुभएको छ, "त्यही इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको 'टिमवर्क' का कारण केही राष्ट्रिय उद्योग तथा संस्थानमा आशालाग्दा परिणाम देखिन थालेका छन् ।"

प्रधानमन्त्री शाहले आज बिहान सामाजिक सञ्जालमार्फत वर्षौंदेखि बन्द रहेका, घाटामा थलिएका र रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानमा पछिल्लो समय देखिन थालेका सुधार र प्रगतिबारे जानकारी पनि गराउनुभएको छ ।

प्रधानमन्त्री शाहले नेपाल औषधि लिमिटेड, हेटौँडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र सिंहदरबार वैद्यखानामा भएका सुधारका प्रयास र प्राप्त उपलब्धिलाई प्रस्तुत गर्दै इमान्दार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको सामूहिक प्रयासबाट रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानलाई पुनः सञ्चालनमा ल्याएर प्रतिस्पर्धी बनाउन सकिने उल्लेख गर्नुभएको छ ।

उहाँले नियत सफा राखेर जिम्मेवारीप्रति इमान्दार हुँदै निरन्तर सहजीकरण, उत्प्रेरणा र समन्वय गर्न सके चुनौतीपूर्ण अवस्थामा पनि सुधारका नयाँ ढोका खुल्ने बताउनुभएको छ ।




प्रधानमन्त्री शाहले सार्वजनिक गर्नुभएका उद्योग एवं संस्थानको विवरण यस प्रकार छः

### नेपाल औषधि लिमिटेड

वर्षौंसम्म घाटामा रहेको नेपाल औषधि लिमिटेडले पछिल्लो चार महिनामा रु दुई करोड ३८ लाखको औषधि बिक्री गरेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड प्राप्त गरेपछि औषधि बिक्रीमा बढोत्तरी आएको हो । कम्पनी गत आर्थिक वर्षमा रु तीन करोड नाफा आर्जन गर्न सफल भएको छ ।

चालु आर्थिक वर्षमा रु.३० करोडको औषधि बिक्री गर्ने लक्ष्य लिइएको छ । सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा लिमिटेडबाट आगामी तीन वर्षमा ९८ प्रकारका निःशुल्क औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

सोही लक्ष्यअनुरूप यस वर्ष ३७ प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएकामा २५ प्रकारका औषधिको उत्पादन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। लिमिटेडबाट हाल ११ प्रकारका औषधि उत्पादन भइरहेका छन् ।

### हेटौँडा कपडा उद्योग

वर्षौंदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग पुनः सञ्चालन गर्ने परीक्षण उत्पादनको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ। परीक्षण उत्पादनपछि नेपाल सरकारले नै उद्योग सञ्चालन गर्नेछ ।

तान (लुम) मर्मतपछि परीक्षण उत्पादन सुरु भएको र केही मात्रामा कपडा उत्पादनसमेत सुरु भइसकेको छ।

### नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगमले गत आर्थिक वर्षको चैतदेखि असारसम्म रु.६ अर्ब २७ करोड ६३ लाख आम्दानी गरेको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा रु.१ अर्ब १० करोड २१ लाखले बढी हो ।

यस अवधिमा नेपाल एयरलाइन्सको सिट उपयोगिता (अकुपेन्सी) बढेर ८६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा अकुपेन्सी ६ प्रतिशतले बढेको हो।

कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिद गर्न लिइएको ऋणबापतको रु एक अर्ब छ करोड १९ लाख किस्तासमेत यसै अवधिमा भुक्तानी गरिएको छ ।

### दुग्ध विकास संस्थान

दुग्ध विकास संस्थान (डिडिसी) ले किसानको रोकिएको बक्यौता भुक्तानीलाई प्राथमिकता दिँदै भुक्तानी चक्रलाई आठ महिनाको अवधिबाट घटाएर दुईदेखि तीन महिनामा झारेको छ । यसअघि रु ७२ करोड रहेको बक्यौता रकम अहिले रु ३५ करोडमा झारिएको छ ।

किसानलाई दूधमा प्रतिलिटर रु एक प्रोत्साहन रकम थप गरिएको छ। सुधारका प्रयास सुरु भएपछि डिडिसीको दैनिक बिक्री ३५ प्रतिशतले बढेको छ । राजस्व सङ्कलनसमेत औसत दैनिक रु ६० लाखबाट बढेर रु ९० लाख पुगेको छ ।

कानुनविपरीत विगतदेखि सबै कर्मचारीलाई वितरण गर्दै आएको घ्यू र दूधको सुविधा कटौती गरी वार्षिक झण्डै रु.३ करोड बचत गरिएको छ।

डिडिसीले चाँडै खाडीमुलुकमा घ्यू तथा चीनमा बटर र छुर्पी निर्यात गर्ने तयारी गरिरहेको छ। नगरकोट केन्द्रबाट चिज उत्पादन पुनः सुरु गर्ने तयारीसमेत भइरहेको छ ।

### सिंहदरबार वैद्यखाना विकास समिति

सिंहदरबार वैद्यखाना विकास समितिले सरकार गठन भएपछि रु.११ करोड १६ लाख बराबरको आयुर्वेदिक औषधि उत्पादन गरी बजारीकरण गरेको छ।

गत आर्थिक वर्षमा औषधिको कारोबार करिब रु.१३ करोड पुगेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा चार गुणा बढी हो ।

निःशुल्क वितरण हुने ३५ प्रकारका औषधि उत्पादनमा वैद्यखाना आत्मनिर्भर बन्ने दिशातर्फ अग्रसर भएको छ । हाल १०५ प्रकारका आयुर्वेदिक औषधि उत्पादन भइरहेका छन् भने चालु आर्थिक वर्षमै १५० प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

चालु आर्थिक वर्षमा पाउडर र ट्याब्लेट औषधि उत्पादनमा 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड हासिल गर्ने लक्ष्य लिइएको छ । त्यसैगरी जडीबुटी तथा औषधिजन्य कच्चा पदार्थको प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्यसमेत राखिएको छ।

राष्ट्रिय उद्योग तथा संस्थानमा देखिन थालेको यो सुधारले लामो समयदेखि रुग्ण रहेका अन्य उद्योगमा पनि नयाँ जीवन भर्न सकिने विश्वास बलियो बनाएको छ । इमान्दारी र देशप्रतिको समर्पण कायम रहिरहेमा रुग्ण अवस्थामा रहेका अन्य राष्ट्रिय उद्योग तथा संस्थानलाई पनि पुनः सञ्चालनमा ल्याएर प्रतिस्पर्धी बनाउन सकिने अपेक्षा गरिएको छ ।

माटोमा उत्पादन बढाएर देशलाई आत्मनिर्भर बन्ने बाटोमा अघि बढाउने यो यात्रामा सबैको रचनात्मक साथ, भरथेग र विश्वासको अपेक्षा गरिएको छ।

रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानमा देखिन थालेका सुधारका आशालाग्दा परिणामका सूचक हुन् । यी उपलब्धिले इच्छाशक्ति, इमान्दार प्रयास र प्रभावकारी व्यवस्थापनका साथ अघि बढ्दा लामो समयदेखि समस्याग्रस्त राष्ट्रिय उद्योगलाई पुनः जीवन्त र प्रतिस्पर्धी बनाउन सकिने विश्वास बलियो बनाएको छ। रासस

# गाईभैँसी खरिदमा अनुदान दिएपछि रुपाका किसान व्यावसायिक पशुपालनमा

कास्की । कास्कीको रुपा गाउँपालिकाले गाईभैँसी किन्न किसानलाई अनुदान दिएपछि पालिकामा व्यावसायिक पशुपालन गर्नेको सङ्ख्या बढेको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गरिबी निवारणका लागि दूध उत्पादन परियोजना सुरु गरेर सोमार्फत किसानलाई गत आर्थिक वर्षमा गाई खरिद गर्न नगद अनुदान दिएको हो ।

यसबाट पालिकामा दूध उत्पादन वद्धि भएको छ भने किसानको आम्दानीसमेत बढेको छ । पालिकामा पशुपालनको लहर चल्दा स्थानीय सरकारको साथले किसान उत्साहित बनेका छन् । रुपा-७ ठूलीबैँसीका किसान शङ्करलाल श्रेष्ठको गोठमा अहिले तीन वटा जर्सी गाई छन् । गाउँपालिकाले प्रतिगाई रु ४० हजार अनुदान उपलब्ध गराएपछि उहाँले गाई किनेर व्यावसायिक पशुपालन सुरु गर्नुभएको हो । श्रेष्ठले दैनिक २० लिटर दूध बजारमा बिक्री गर्नुहुन्छ ।



श्रेष्ठका अनुसार विगतमा उहाँका बुबाले पनि पशुपालन गर्नुहुन्थ्यो । त्यसबेला दूध बिक्री गर्न चार घण्टासम्म पैदल हिँडेर बेगनासताल पुग्नुपर्ने बाध्यता थियो । बजार अभावले उहाँले बुबाको पेसा छाड्नुभयो । अहिले भने दूध सङ्कलनका लागि गाडी गाउँसम्म आउने भएकाले बजार र सङ्कलनको समस्या हटेको श्रेष्ठले बताउनुभयो ।

"गाउँपालिकाले अनुदानपछि मसँगै यहाँका २० जना किसानले जर्सी गाई किनेर व्यावसायिक पशुपालन सुरु गरेका छौँ । दूध बिक्री गर्न पनि सहज छ । पालिकाको सहयोग पाएपछि व्यावसायिक पशुपालनमा लाग्न उत्साह बढेको छ", श्रेष्ठले भन्नुभयो । उहाँका अनुसार दूध सङ्कलन र बिक्री गर्न किसानले देउराली कृषक समूह गठन गरेका छन् ।

पहिले ११ सदस्य रहेको समूह अहिले २० सदस्यीय बनेको छ । किसानका गोठमा गाईको सङ्ख्या बढ्दै गएको उल्लेख गर्दै श्रेष्ठले समूहलाई सहकारीमा रूपान्तरण गरी डेरी व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि दूध उत्पादन परियोजनाले रुपाको ठूलीबैँसीमा मात्र होइन अन्य वडामासमेत व्यावसायिक पशुपालनले गति लिएको छ ।

गाउँपालिकाका पशु चिकित्सक सुशील अर्यालका अनुसार यस कार्यक्रममार्फत हालसम्म गाउँपालिकामा २०० वटा गाई भित्रिएका छन् । पालिकाका विभिन्न ११ गाउँका किसानले गाईभैँसी खरिद र दुग्धजन्य उपकरण सहायताका लागि रु दुई करोड ३५ लाख अनुदान प्राप्त गरेका उहाँले जानकारी दिनुभयो ।

परियोजना सुरु भएपछि दैनिक दुई हजार ६६२ लिटर दूध उत्पादन थपिएको छ । अर्यालका अनुसार पालिकाले कृषकलाई गाई किन्नका लागि रु ४० हजार र भैँसीका लागि रु ५० हजारका दरले अनुदान उपलब्ध गराएको हो ।

"किसानलाई गाईभैँसी खरिदमा अनुदान उपलब्ध गराएपछि यसको सकारात्मक प्रभाव देखिएको छ, उत्पादन बढेको छ । नगद अनुदानसँगै उपकरण सहयोगले दूध सङ्कलनमा सहयोग पुग्नुका साथै किसानको आम्दानीमा वृद्धि भएको छ । युवाका लागि स्थानीयस्तरमा रोजगारीका अवसर पनि सिर्जना भएका छन् । प्रत्यक्ष रूपमा ३०० किसान यस कार्यक्रममा आबद्ध छन्", अर्यालले भन्नुभयो । उहाँका अनुसार हाल रुपा गाउँपालिकाबाट दैनिक करिब पाँच हजार लिटर दूध पोखराका बजारमा बिक्रीका लागि पठाउने गरिएको छ ।


गाउँपालिकाका अध्यक्ष नवराज ओझाले किसानको श्रमलाई सम्मान गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा लगानी बढाइएको बताउनुभयो । उहाँले विगतका वर्षमा पूर्वाधारमा पालिकाले लगानी गरेकामा यस वर्षदेखि उत्पादन र आयआर्जन वृद्धिका कार्यक्रमलाई बढी प्राथमिकता दिइएको बताउनुभयो । "किसानको मेहनतले मात्रै गाउँ समृद्ध हुन्छ भन्ने हाम्रो विश्वास हो । त्यसैले प्रत्येक घरपरिवारलाई आयआर्जनसँग जोड्ने उद्देश्यले कृषि र पशुपालनमा केन्द्रित कार्यक्रम सञ्चालन गरेका छौँ ।

विगतमा पूर्वाधारमा केन्द्रित बजेटलाई यस वर्ष उत्पादन, कृषि र रोजगारी सिर्जनामा प्राथमिकता दिएका छौँ", अध्यक्ष ओझाले भन्नुभयो । उहाँले गरिबी निवारणका लागि सञ्चालन गरिएको दूध उत्पादन परियोजना गाउँपालिकाका ११ स्थानमा विस्तार गरिएको जानकारी दिँदै यसको प्रत्यक्ष प्रभाव किसानको आय र जीवनस्तरमा देखिन थालेको उल्लेख गर्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनन्तराज न्यौपानेले अब उत्पादन बढाउने मात्र नभई त्यसको दिगो बजारीकरणमा गाउँपालिका केन्द्रित हुने बताउनुभयो । "डेरीका आवश्यक पूर्वाधार गाउँसम्म पुगेका छन् । अब किसानले उत्पादन बढाउने र गाउँपालिकाले बजारीकरण तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नेछ । उत्पादन खेर जान नदिने हाम्रो प्रतिबद्धता छ", उहाँले भन्नुभयो ।

रुपा गाउँपालिकाले दूध उत्पादन परियोजनाअन्तर्गत गाईभैँसी खरिदमा नगद अनुदानका साथै दुग्ध सहकारी र कृषक समूहलाई आवश्यक डेरी उपकरणसमेत उपलब्ध गराउँदै आएको छ । कार्यक्रममार्फत दूध बोक्ने भाँडा, दूध चिस्याउने ट्याङ्की, दूधको गुणस्तर वा चिल्लोपन मापन गर्ने यन्त्र, भोल्टेज नियन्त्रक (विद्युत् प्रवाह स्थिर राख्ने उपकरण), दूध जमाउने फ्रिज, पनिर बनाउने उपकरण, दूधबाट तर छुट्ट्याउने उपकरण (मलाई काढ्ने यन्त्र, जेनेरेटरलगायत सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । रासस

# ढोरपाटनमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी




बागलुङ । ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ । एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन् । तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास (होमस्टे)को विकासले पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको उहाँले बताउनुभयो ।

रेञ्जर सुवेदीका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ । आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको सङ्ख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७० नेपाली पर्यटक रहेका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन् ।

ढोरपाटन क्षेत्रको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकीपाटनको चर्चा र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । उहाँका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएपछि आव २०८२/८३ मा पर्यटक प्रवेश शुल्कबाट रु ४७ लाख ६८ हजार ४०५ र आव २०८१/८२ मा रु ३१ लाख २१ हजार ५०० राजस्व सङ्कलन भएको थियो ।

पर्यटक सूचना प्रणालीको विकास, पर्यटन पदमार्गको रुट कायमलगायत पूर्वाधार विस्तारका कारण ढोरपाटनको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटकको आगमन बढेको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले बताउनुभयो । उहाँका अनुसार आरक्षले आन्तरिक तथा नेपाली पर्यटकलाई ढोरपाटन प्रवेशका लागि रु १००, सार्क राष्ट्रका पर्यटकलाई एक हजार ५०० र विदेशी पर्यटकलाई रु तीन हजार प्रवेश शुल्क लिँदै आएको छ ।

यस्तै आरक्षले ढुङ्गा गिट्टी बालुवाबाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड एक लाख २७ हजार ९५३ सङ्कलन गरेको छ । गत आर्थिक वर्षको तुलनामा सङ्कलन भएको राजस्व रु ४६ लाख ४१ हजारले बढी हो ।

"ढोरपाटनको आकर्षण अहिले बाहिर आउन थालेको छ । यहाँ आउने पर्यटकको सङ्ख्या वृद्धि हुनुको प्रमुख कारण प्रचारप्रसार रहेको छ । पर्यटकीय पूर्वाधार थपिनु, बुकीपाटन, बुकीफुल र जलजलाको चर्चासँगै पदयात्रीको रोजाइ पर्नु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका हुन्", सुवेदीले भन्नुभयो ।

ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । समुद्री सतहबाट दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन् । पर्यटकलाई शुल्क तिरेर पालसहित बस्ने व्यवस्था पनि मिलाइएको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले जानकारी दिनुभयो । रासस

# विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १५२ रुपैयाँ ०४ पैसा र बिक्रीदर १५२ रुपैयाँ ६४ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ २७ पैसा र बिक्रीदर १७५ रुपैयाँ ९६ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर २०४ रुपैयाँ ३६ पैसा र बिक्रीदर २०५ रुपैयाँ १६ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १८७ रुपैयाँ ५९ पैसा र बिक्रीदर १८८ रुपैयाँ ३३ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १०७ रुपैयाँ ०४ पैसा र बिक्रीदर १०७ रुपैयाँ ४६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ४५ पैसा र बिक्रीदर १०८ रुपैयाँ ८८ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११८ रुपैयाँ ६७ पैसा र बिक्रीदर ११९ रुपैयाँ १४ पैसा तोकिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ६० पैसा र बिक्रीदर नौ रुपैयाँ ६४ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ५३ पैसा र बिक्रीदर २२ रुपैयाँ ६२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ५० पैसा र बिक्रीदर ४० रुपैयाँ ६६ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ७२ पैसा र बिक्रीदर ४१ रुपैयाँ ८९ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६० पैसा र बिक्रीदर चार रुपैयाँ ६२ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ४० पैसा र बिक्रीदर ४१ रुपैयाँ ५६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ १६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३१ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ ७४ पैसा र बिक्रीदर १० रुपैयाँ ७८ पैसा, स्विडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ ०२ पैसा र बिक्रीदर १६ रुपैयाँ ०९ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ४५ पैसा र बिक्रीदर २३ रुपैयाँ ५४ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ३८ पैसा र बिक्रीदर १९ रुपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर ४९५ रुपैयाँ ०८ पैसा र बिक्रीदर ४९७ रुपैयाँ ०४ पैसा, बहराइन दिनार एकको खरिददर ४०३ रुपैयाँ २४ पैसा बिक्रीदर ४०४ रुपैयाँ ८३ पैसा, ओमनी रियाल एकको खरिददर ३९४ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३९६ रुपैयाँ ४५ पैसा रहेको छ ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ । रासस

# बजेट खर्च सन्तोषजनक नभएको भन्दै स्पष्टीकरण मागियो

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारका मन्त्रालयहरुको खर्च प्रगति सन्तोषजनक नभएको भन्दै स्पष्टीकरण माग गरिएको छ। मधेश प्रदेश सभा अन्तर्गतको अर्थ तथा योजना समितिले प्रदेशका मन्त्रालयहरुसँग स्पष्टीकण माग गरेको हो।




मन्त्रालयगत रूपमा हेर्दा प्रशासनिक प्रकृतिका केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखाए पनि भौतिक पूर्वाधार विकास, खानेपानी, ऊर्जा तथा सिँचाइ, भूमि व्यवस्था, कृषि तथा सहकारी जस्ता विकासमुखी मन्त्रालयको बजेट कार्यान्वयन अपेक्षा अनुसार हुन नसकेको देखेपछि स्पष्टीकरण माग गरिएको जनाइएको छ।

समितिका सभापति अनिताकुमारी साहले प्रदेश सरकारको खर्च प्रगति सन्तोषजनक नरहेको भन्दै सम्बन्धित मन्त्रालयहरूसँग स्पष्टीकरण मागसहित पत्राचार गरिएको बताएकी छिन्। उनले भनिन्, "मधेश सरकारको खर्च प्रगति समग्रमा निराशाजनक देखिएकोबारे समितिले मन्त्रालयलाई पत्राचार गरेको छ। साता दिनभित्र जवाफ माग गरिएको छ।"

व्यवस्था फेरिए पनि कार्यशैलीमा अपेक्षित सुधार आउन नसक्दा मधेश प्रदेशको पुँजीगत खर्च कमजोर बनेको प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष तथा अर्थविद् डा. भोगेन्द्र झाको ठहर छ।

उनले भने 'आवको अन्त्यमा अत्यधिक खर्च हुने प्रवृत्तिले वित्तीय अनुशासनमाथि प्रश्न उठाएको छ, खर्च गर्ने क्षमता, समयमै योजना कार्यान्वयन, नियमित अनुगमन र राजनीतिक प्रतिबद्धता सुदृढ भए बजेट कार्यान्वयनमा सुधार ल्याउन आवश्यक छ।'

मधेश प्रदेश सरकारले बर्सेनि बजेटको आकार बढाउँदै गौरवका आयोजना अघि सारे पनि बजेट कार्यान्वयनमा भने अपेक्षित सफलता हासिल गर्न नसकेको हो। मधेश सरकारको पछिल्लो पाँच वर्षको खर्च विवरणले प्रदेशको समग्र खर्च प्रगतिमा अधिकांश वर्ष ६० प्रतिशतको हाराहारीमा सीमित रहेको र एक वर्ष मात्र ७१ प्रतिशत खर्च गरेको हो।

त्यसमाथि पुँजीगत खर्च कमजोर र हुनुका साथै आर्थिक वर्षको अन्तिम चौमासिकमा अत्यधिक खर्च हुने प्रवृत्ति दोहोरिँदा बजेट कार्यान्वयनको प्रभावकारिता र वित्तीय अनुशासनमाथि प्रश्नसमेत उठदै आएको छ। आव २०७८/७९ देखि २०८२/८३ सम्मको तथ्यांक हेर्दा प्रदेश सरकारको कुल बजेट खर्च अधिकांश वर्ष ५५ देखि ७१ प्रतिशतको सीमामै सीमित रहेको छ।

बजेट विनियोजन बढ्दै गए पनि खर्चको अनुपातमा उल्लेखनीय सुधार नआउनुले योजना निर्माणभन्दा कार्यान्वयन पक्ष कमजोर रहेको संकेत गरेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशको पछिल्लो पाँच वर्षको तथ्यांक हेर्दा प्रदेश सरकारको खर्च विवरणले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता अझै चुनौतीपूर्ण अवस्थामा रहेको देखाएको छ भने बजेट बढे पनि कार्यान्वयन कमजोर देखिएको छ।

प्रदेश सरकारको बजेट कार्यान्वयनमा सबैभन्दा ठुलो समस्या पुँजीगत खर्चतर्फ देखिएको छ। कर्मचारी तलब, प्रशासनिक सञ्चालन र नियमित कार्यक्रमसँग सम्बन्धित चालु खर्च तुलनात्मक रूपमा सहज तरिकाले अघि बढे पनि सडक, सिँचाइ, ऊर्जा, भवन तथा अन्य पूर्वाधार निर्माणसँग जोडिएको पुँजीगत बजेट खर्चमा अपेक्षित सुधार हुन सकेको छैन।

गत आव २०८२/८३ मा प्रदेश सरकारले ४६ अर्ब १८ करोड ३५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो। त्यसमध्ये असार मसान्तसम्म २६ अर्ब ३९ करोड १७ लाख रुपियाँ मात्र खर्च हुँदा कुल खर्च ५६.७१ प्रतिशतमा सीमित रह्यो। २० अर्ब २९ करोड रुपियाँभन्दा बढी बजेट खर्च हुन सकेन।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको पुँजीगत खर्च हो। विकासनिर्माणका लागि छुट्याइएको बजेटमध्ये करिब १६ अर्ब १५ करोड रुपियाँ मात्र खर्च भएको देखिन्छ जबकि चालुतर्फको खर्च नौ अर्ब ८३ करोड रुपियाँ नाघेको छ। यसले प्रशासनिक खर्चको तुलनामा विकासनिर्माणमा अपेक्षित प्रगति हुन नसकेको सङ्केत गर्छ।

यस्तै आव २०८१/८२ मा पाँच वर्ष अवधिकै तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखिएको छ। सो वर्ष कुल बजेटको ७१.१६ प्रतिशत खर्च भएको उक्त वर्ष पुँजीगत खर्च पनि पाँच वर्षकै उच्च रहेको थियो। आव २०८०/८१ मा प्रदेश सरकारले कुल बजेटको ५५.६४ प्रतिशत मात्रै खर्च गरेको छ भने २०७९/८० मा ५७.१४ प्रतिशत र आव २०७८/७९ मा ६३.८० प्रतिशत खर्च गरेको थियो।

## गृहमन्त्रीको सम्झौता कार्यान्वयन गर्न माग गर्दै आन्दोलन



**टुडे समाचारदाता**

इनरर्वा। सुनसरीको देवानगञ्जमा हिन्दु-मुस्लिम समुदायबीच भएको झडपका क्रममा गोली लागेर मृत्यु भएको घटनामा गृहमन्त्री सुदन गुरुङले गरेको सातबुँदे सम्झौता कार्यान्वयन नभएको भन्दै पिडीत परिवार पक्षले आन्दोलनमा उत्रेका छन्।

गृहमन्त्री गुरुङ स्वयं घटनास्थलमा पुगेर मृतक ओमप्रकाश मेहता र जयप्रकाश मेहताका परिवारसँग गाउँपालिका प्रतिनिधि तथा स्थानीय सरोकारवालासँग सातबुँदे सम्झौता गरेका थिए।

तर, सम्झौता भएको लामो समय बितिसक्दा पनि त्यसको कार्यान्वयन नभएको भन्दै पीडित पक्ष आक्रोशित बनेको हो।

यसै घटनामा गोली लागेर घाइते भएका र उपचारका क्रममा काठमाडौंको अस्पतालमा मृत्यु भएका रविन्द्र मेहताको शवसमेत चार दिनदेखि अस्पतालमै रहेको पीडित पक्षले जनाएको छ। शवको व्यवस्थापन तथा पीडित परिवारका माग सम्बोधनमा सरकारले चासो नदिएको भन्दै उनीहरूले सरकारप्रति असन्तुष्टि जनाएका छन्।

गृहमन्त्रीले पीडित पक्षसँग आफैं गरेको सम्झौताबाट पछि हटेको र सम्झौता कार्यान्वयन नगरेको आरोप लगाउँदै स्थानीयवासी तथा पीडित पक्षले देवानगञ्ज पूर्णरूपमा बन्द गराएका छन्। बन्दका कारण देवानगञ्जको जनजीवन प्रभावित भएको छ।

पीडित पक्षले घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्नुपर्ने, मृतक परिवारलाई तत्काल उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने र सहित सम्झौताका अन्य बुँदा तत्काल कार्यान्वयन गर्नुपर्ने माग राखेको छ।

सरकारले आफ्ना माग सम्बोधन नगरे र घटनाका दोषीलाई कारबाही नगरे भोलिदेखि सुनसरीमा चरणबद्ध आन्दोलन सुरु गर्ने चेतावनी पीडित पक्षले दिएको छ।

आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने तयारी भइरहेको उनीहरूको भनाइ छ।

## आन्दोलनले रोकिएको स्नातकोत्तर को परीक्षा भदौ १५ देखि

**टुडे समाचारदाता**

जनकपुरधाम। सुनसरी घटनालाई लिएर मधेसमा भएको आन्दोलनका कारण स्थगित त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत स्नातकोत्तर तह प्रथम सत्रको स्थगित भएको परीक्षा आगामी भदौ १५ गते सञ्चालन हुने भएको छ।

डीनको कार्यालयले जारी गरेको जरुरी सूचना अनुसार गत साउन १५ गतेका लागि निर्धारित मास्टर अफ बिजनेस स्टडिज कार्यक्रमको बजार व्यवस्थापन विषयको परीक्षा तोकिएका केही परीक्षा केन्द्रहरूमा स्थगित गरिएको थियो। सो परीक्षा भदौ १५ गते साढे ११ बजे पूर्व निर्धारित सोही केन्द्रहरूमा सञ्चालन गर्न लागिएको डीनको कार्यालयले जनाएको छ।

परीक्षा सञ्चालन हुने तोकिएका ११ वटा केन्द्रहरूमा जनकपुरको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, सर्लाहीका सर्लाही क्याम्पस मलंगवा र जनज्योति बहुमुखी क्याम्पस लालबन्दी, सिरहाका सूर्यनारायण सत्यनारायण मोरबैता यादव क्याम्पस र जे.एस.मुरारका बहुमुखी क्याम्पस लहान रहेका छन्।

त्यस्तै, सप्तरीको महेन्द्रविन्देश्वरी बहुमुखी क्याम्पस राजविराज र नेसनल पिपुल कलेज कञ्चनपुर, रौतहटका जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुर र गौरीशङ्कर यादव रौतहट क्याम्पस गौर तथा बाराको सिमरा कलेज र पर्साको ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जमा परीक्षा सञ्चालन हुने सूचनामा भनिएको छ। परीक्षा नियन्त्रण महाशाखाले सम्बन्धित सबै विद्यार्थीहरूलाई समयमै परीक्षा केन्द्रमा उपस्थित हुन सूचित गरेको छ।

## शिक्षकहरुले भदौदेखि सशक्त आन्दोलन गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। आगामी भदौ महिनादेखि नेपाल शिक्षक महासंघले सशक्त रूपमा आन्दोलन गर्ने निर्णय गरेको छ।

तेस्रो राष्ट्रिय परिषद्का निर्णयहरू सार्वजनिक गर्दै महासंघले विगतका सहमति तथा पेसागत हकहितका विषयहरू सम्बोधन नभए आगामी भदौदेखि आन्दोलनमा उत्रने निर्णय गरेको हो।

महासंघको संशोधित विधान पारित गरी शिक्षा तथा खेलकुद मन्त्रालयमा स्वीकृतिका लागि पेस गरिसकिएको जानकारी दिँदै परिषद्ले चालु आर्थिक वर्ष २०८३/०८४ को बजेटमा प्रारम्भिक बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सिकाइ अनुदान शिक्षकहरूलाई तलब वृद्धि, प्रोत्साहन भत्ता र महँगी भत्ताबाट वञ्चित गराइएको भन्दै तीव्र विरोध जनाएको छ।

## जनकपुरधामका विभिन्न क्षेत्र लागू औषध सेवनकर्ताहरुको अखाडा बन्दै

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका ऐतिहासिक रंगभूमि बाह्र बिघा मैदान सहित विभिन्न स्थानहरु संरक्षण आभावमा अहिले लागुऔषध सेवनकर्ताको अखडा बन्दै गएको छ।



उपमहानगरपालिकाका रंगभूमि मैदान सहित राराब क्याम्पसस्थित गुठी संस्थानको रहेको चौर र बाउन बिघा मैदान लगायतका क्षेत्रहरुमा लागू औषध सेवनकर्ता भेला भई घण्टौसम्म लागू औषध सेवन गर्ने गरेको पाइएको छ। रंगभूमि मैदानमा दैनिक ११ बजेदेखि लागुऔषध प्रयोगकर्ता र जुवाडेहरू बाह्र बिघा मैदानमा भेला भएर दुर्व्यसन तथा जुवा-तास खेल्ने गरेको स्थानीय बताउँछन्।

यस्तै राराब क्याम्पस नजिक गुठी संस्थानको चौरमा साँझ ७ बजेदेखि राति १२ बजेसम्म अन्ध्यारोको फाइदा उठाउदै दर्जनौको संख्यामा लागू औषध सेवनकर्ताहरु भेला भई लागू औषध सेवन गर्ने गरेको स्थानीयहरुको भनाई छ। दिनमा सो चौरमा युवाहरु क्रिकेट लगायतका खेल खेल्ने गर्छन। तर साँझ पर्ने बितिकै लागू औषध सेवनकर्ताहरु जम्मा हुन थाल्छन्। ती लागू औषध सेवनकर्ता आ आफैमा कुटाकुट गर्ने लगायतका घटनाले त्रासको वातावरण श्रृजना हुने गरेको स्थानीय बताउंछन्।

हुनत प्रहरी टोली तस्करहरु लेख्टन कहिलेकाहीँ गस्तीमा साँझको बेला जाने गर्छन। तर अँध्यारोमा बसेर लागू औषध सेवन गरिरहेकाहरुलाईहेर्नपाउँदैन।अँध्यारो भएको कारण तिनीहरु मोबाइलको टर्च बालेर लागू औषध सेवन गर्दै घण्टौ बस्ने गर्छन। तर कहिलेपनि प्रहरीको नजरमा आउँदैन।

एक स्थानीयले भने साँझ पर्ने बितिकै यहाँ चौरमा दर्जनौ मोटरसाइकलहरु लागेको हुन्छ। तिनीहरु लागू औषध सेवन गर्दै घण्टौ चौरमा बस्ने र आ आफैमा गाली गलौज मात्रै होइन कुटाकुट समेत गर्ने गर्छन। ती घटनाले गर्दा पुरै वस्ती नै त्रासमा हुन्छन। कयौं कुटाकुटको गम्भीर घटना भइसकेपनि प्रहरी त्यसलाई नियन्त्रण गर्न चासो देखाएको छैन। यस्ता गतिविधिमा युवावर्ग बढी रहने गरेको स्थानीयको भनाई छ।

बाह्रबिघा मैदानको उत्तरतर्फ चटपटेको व्यापार गर्दै आएका विजय गुप्ताले पानी परेको दिन बाहेक नियमितजसो यहाँ तास खेल्नेको घुइँचो लाग्ने गरेको बताए। उनले भने, 'यस्तो सार्वजनिकस्थलमा जुवातास खेल्दा पनि प्रहरी प्रशासन मौन रहनुले झनै उनीहरुको मनोबल बढेको छ।' उनका अनुसार कहिलेकाहीँ मोटरसाइकलमा प्रहरीले गस्ती गरे पनि खुला मैदान भएका कारण टाढैबाट प्रहरी देख्नासाथ जुवातास खेल्न बन्द गरेर बस्ने, अनि प्रहरी फर्केपछि फेरि खेल्ने गर्दछन्। कहिलेकाहीँ प्रहरीले जुवातास खेलेको अवस्थामा फेला पारे पनि तास च्यातेर हिँड्ने, थप कारबाही नगर्ने भएकाले उनीहरूको मनोबल झनै बढेको स्थानीय बताउँछन्।

दिनदहाडै यसरी जुवातास खेल्दासमेत प्रशासन मौन रहनुले विभिन्न आशंका उब्जिएको जनकपुर-११ का रामसागर कुशवाहाले बताए। 'यो बाटोबाट हिँड्ने विद्यार्थी, अन्य युवाले दैनिक यसरी जुवातास खेलेको दृश्य देख्दा उनीहरूमा समेत नकारात्मक प्रभाव पर्छ,' उनले भने।

यो मैदानलाई जुवाडेमात्र हैन, पछिल्लो समय लागुऔषध सेवनकर्ताले पनि अखडा बनाएका छन्। युवा देखि वृद्ध उमेर समूहकाहरू गाँजा, चरेश, अफिमसँगै इन्जेक्सन प्रयोग गरेर लिइने लागुऔषध सेवन गर्न यही स्थानमा ओइरिने गरेका छन्। उनीहरू यसको प्रयोगको लागि मैदानको कुनाकाप्चा प्रयोग गर्छन् भने चहलपहल नहुने स्थानमा दिनभरि अर्धचेत अवस्थामा रहने गरेका छन्।

रंगभूमि मैदान युवा-युवतीको जोडीका लागि समेत अखडा बनेको छ। मैदानको कुनाकाप्चामा कैयौं जोडी आलिङ्गनमा देखिने स्थानीयको भनाइ छ। 'कतिपय त राति १०/११ बजेसम्म बस्छन्,' एक स्थानीयले भने।

जनकपुर-९ का वडाध्यक्ष परमेश्वर साहले बाह्रबिघा मैदानमा अनैतिक कार्य हुने गरेको जानकारी आफूले पाएकै कारण यस्ता गतिविधि नियन्त्रणका लागि बारम्बार प्रहरी कार्यालयमा जानकारी गराउने गरेको बताए। उनले भने, 'बाह्रबिघा मैदान संरक्षण नहुँदा यस्ता अवाञ्छनीय गतिविधि बढेको हो।'

जिल्ला प्रहरी कार्यालयका डीएसपी एवं प्रवक्ता मधुसुदन न्यौपानेले बाह्रबिघामा हुँदै आएका यस्ता गतिविधि नियन्त्रणका लागि दिनहुँ दिउँसो र राति गस्ती टोली पठाउने गरेको बताए। 'प्रायः बाह्रबिघाबाट लागुऔषध सेवनकर्ता र यौन गतिविधिमा संलग्नलाई पक्राउ गरेर ल्याउने गर्छौं,' उनले भने, 'फोहरले भरिएको ठाउँ छ। त्यहाँ हुने क्रियाकलाप पनि फोहरी हुने नै भयो, प्रहरीको गस्ती थप बढाउने छौं।'

बाह्रबिघा संरक्षणमा जनकपुर नगरपालिका र बृहत्तर क्षेत्र विकास समिति स्वामित्वको विवादमा रुमल्लिँदा यसको अवस्था डम्पिङ साइटजस्तै भएको छ।

## लालबन्दीमा मुटुरोग सम्वन्धी विशेषज्ञ सेवा शुरु

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दी नगर अस्पतालमा शनिबारदेखि मुटुरोग सम्वन्धी विशेषज्ञ सेवा शुभारम्भ गरिएको छ। लालबन्दी नगरपालिका, नगर अस्पताल र नेपाल हृदय रोग प्रतिष्ठान सर्लाही शाखाको समन्वयमा मुटुरोग सम्वन्धी विशेषज्ञ सेवा सुरु गरिएको जनाइएको छ।




अस्पतालमा अब प्रत्येक महिनाको चौंथो शनिबार मुटुरोग विशेषज्ञ (कार्डियोलोजिस्ट) डा. सुवास सुवेदीले मुटुरोगका बिरामीलाई सेवा प्रदान गर्नुहुने नगर अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा. चन्दन चौधरीले जानकारी दिएका छन्।

भरतपुर सरकारी अस्पतालमा कार्यरत मुटुरोग विशेषज्ञ डा. सुवेदी लालबन्दी नगरपालिका-७, डाँडाटोलका स्थानीय वासिन्दासमेत छन्। सो क्षेत्रका मुटुरोगीहरु उपचारका लागि टाढा धाउनुपर्ने बाध्यतालाई मध्यनजर गर्दै डा. सुवेदीसँग सम्झौता गरी उहाँलाई महिनाको एक दिन मात्र भए पनि नियमित बोलाएर स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था मिलाइएको लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले बताए।

उच्च रक्तचाप, हर्ट अट्याक, मुटुको धडकन गडबडी भएका बिरामीले डा. सुवेदीसँग स्वास्थ्य परीक्षण गराउन सक्ने व्यवस्था मिलाइएको नगर अस्पतालले जनाएको छ। मुटुरोग विशेषज्ञ डा. सुवेदीसँग सेवा लिँदा बिरामीले ओपिडी शुल्कबापत एक सय रुपियाँ तिनुपर्ने र कुनै प्रकारको परीक्षण गर्नुपर्दा नगर अस्पतालले लिँदै आएको शुल्क अनुसार हुने मेसु डा. चौधरीले बताए।

डा. सुवेदी महिनाको एक मदिन यहाँ आएर सेवा प्रदान गर्दा यस क्षेत्रका मुटु रोगीलाई परामर्श तथा उपचारका लागि बारम्बार अन्यत्र धाइरहनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ। नेपाल हृदय रोग प्रतिष्ठानका केन्द्रीय सदस्य बाबुकाजी नुच्छे प्रधानले लामो समयदेखिको प्रयासपश्चात मुटुरोग विशेषज्ञ महिनामा एक दिन मात्र भए पनि नगर अस्पतालमा बस्ने व्यवस्था मिलाउन सफल भएको बताए।

शनिबार बिहान लालबन्दी नगरपालिकाका नगरप्रमुख वासुदेव अधिकारीको मुटु परीक्षण गरी विशेषज्ञ सेवाको सुरुवात गरिएको छ। शनिबार पहिलो दिन नै ५० जना भन्दा बढी बिरामी डा. सुवेदीबाट सेवा लिन आएको नगर अस्पताल लालबन्दीले जनाएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८